# राजस्व सुधार कार्ययोजना

## आ.व. २०७९/८०- आ.व. २०८१/८२

# REVENUE  IMPROVEMENT ACTION PLAN

**Fiscal Year 2022/23-2024/25**

# कनकाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### झापा

### १ नम्बर प्रदेश नेपाल

### २०७९

# दुई शब्द

लोकतन्त्र नेपाली जनताको अथक प्रयासको परिणाम हो । एकात्मक राज्य व्यवस्थाले अंगिकार गर्दै आएको एउटै भाषा, एउटै धर्म तथा एउटै जातजातिको नीतिले नेपाललाई निकै पछि धकेलेको महसुस गरी नेपालमा पटक पटक भएको जनआन्दोलनवाट नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा घोषणा गरिएको हो । नेपालको नयाँ संविधान २०७२ लाई कार्यान्वयन गर्ने क्रममा सम्पन्न स्थानीय तहको पहिलो चरणको निर्वाचनवाट जनताले स्थानीय जनप्रतिनिधिहरुको पाँचवर्षे कार्यकाल समाप्त भई दोश्रो कार्यकालकालागी निर्वाचन सम्पन्न भई कार्यकाल सुरु भई सकेको छ । स्थानिय सेवाग्राहीको  जनआकांक्षा, कमजोर संस्थागत प्रवन्ध, सीमित श्रोत साधनवाट जनताहरुलाई सरल, सुलभ तथा पारदर्शी रुपमा नगरपालिकाले सेवा प्रदान गर्दै आएको छ । जटिल भूवनावट, पहिरोको चरम संवेदनशीलता, दक्ष जनशक्तिको अभावको वीच पनि नगरपालिकाले थुप्रैविकास निर्माणका कामहरु सम्पन्न गरेको छ ।

विकासको गतिलाई अघि वढाउँदै जाँदा भौतिक विकास मात्र सवै थोक होइन विकासका लागि सवै भन्दा महत्वपूर्ण कुरा भनेको पद्धति, संस्कृति र सहकार्यको वातावरण श्रृजना गर्दै स्थानीय तहलाई आर्थिक रुपले सवल र सक्षम बनाउदै लैजानु पनि हो । नगरपालिकाभित्र राजश्वको वृद्धि गर्न सकियो भने विकास र समृद्धिको पाटो स्वयँ अगाडि वढ्दो रहेछ भन्ने महसुस हुन थालेको छ । यिनै विषयहरुलाई मध्यनजर गरी नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माणको लागि प्रदेश सरकार, प्रदेश प्रशिक्षण केन्द्र कलवलगुरी झापाले गरेको आर्थिक सहयोग प्रति  नगरपालिका कृतज्ञता जाहेर गर्दै यो कार्ययोजनाले यस नगरपालिकाको राजश्व सुधारमा टेवा पुर्‍याई आर्थिक रुपले सम्पन्न बन्नको लागि सकारात्मक मार्ग निर्देशन गर्ने विश्वास लिएको छु । यो राजश्व सुधार कार्ययोजना तयार गर्ने माउन्टेन थट्स प्रा. लि. लाई धन्यवाद दिन चाहान्छु ।

नगर प्रमुख

# दुई शब्द

भौतिक विकास र आर्थिक विकास एउटै सिक्काका दुईवटा पाटा रहेछन । जनसहभागिता सहितको विकासलाई दीगो हुने संभावना रहन्छ । अफिसमा कार्यरत पदाधिकारी, कर्मचारी, समुदायको अग्रसरता तथा रुचीलाई पनि साथमा राखेर लान सकियो भने वल्ल हाम्रा भौतिक विकासका प्रयासहरु दीर्घकालीन वन्दा रहेछन । कमजोर भूवनावट, जलवायु चक्रमा आएको परिवर्तनको कारणले हाम्रो नगरपालिकाले धेरै खालका मानव निर्मित विपत्तीहरुको सामना गर्दै आएको छ । प्राकृतिक वा मानव निर्मित विपत्तिका कारण नगरपालिकाले वनाएका पूर्वाधारका संरचनाहरुलाई दीगो वनाउन निकै ठूलो चुनौति छ । यसरी मानव निर्मित विपत्तिहरुलाई कम गर्नका लागि अर्थतन्त्रको आकार वढाउन जरुरी छ । जनताहरुमा जबसम्म हामीले सरकारी श्रोत तथा साधनहरुमाथिको स्वामित्व वोध श्रृजना गर्न सक्दैनौं तवसम्म विकासलाई दीगो वनाउन सक्दैनौं ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दीगो तथा सन्तुलित विकास र आर्थिक रुपमा आत्मनिर्भर समाजको परिकल्पना गरेको छ । विकास त्यति बेला दीगो वन्न सक्छ जति बेला हामीले सवै क्षेत्र, तहतप्कालाई समेटेर योजना वनाउन सक्छौं । हार्डवेयर र सफ्ट वेयरका योजनाहरुलाई समेटेर लान सकियो भने मात्र हाम्रा योजनाहरु सन्तुलित वन्न सक्छन । विकासलाई प्रभावकारी रुपमा अघि वढाउन नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन जरुरी छ । राजश्व सुधार कार्ययोजनाले नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली जस्तै आन्तरिक लेखा परीक्षण शाखा तथा अन्य शाखाहरुको संस्थागत विकासमा जोड दिन्छ । नगरपालिकाको शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक वजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य एवं समन्वयलाई सँगै अगाडी बढाउनु पर्दछ । कनकाई नगरपालिकाले सहकार्य र समन्वय, वातावरण संरक्षण तथा विपद व्यवस्थापन तथा सामाजिक समावेशीकरणमा विशेष जोड दिन आवश्यक देखिएको छ । यो ३ वर्षे राजश्व सुधार कार्ययोजना वनाउनका लागि सुचना संकलन गर्नु हुने माउन्टेन थट्स प्रा. लि का सम्पूर्ण विज्ञ तथा कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहान्छु । साथै राजश्व सुधार कार्ययोजनामा भएका राजश्व सुधारका क्रियाकलापहरुलाई नगरपालिकाको वार्षिक योजनामा समावेश गरी कार्यक्रमको कार्यान्वयनमा जोड दिनु हुन सवैलाई अनुरोध गर्दछु ।

प्रमुख प्रसासकिय अधिकृत

## विषय सुची


| | पेज न. |
|---|---|
| **परिच्छेद -१: कार्ययोजनाको परिचय** | **१-७** |
| १.१ पृष्ठभूमी | १ |
| १,२ राजश्व सुधार योजनाको औचित्य | १ |
| १.३ कार्ययोजनाको उद्देश्य | २ |
| १.४ कार्ययोजनाका विषयबस्तुहरु | २ |
| १.५ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया | ३ |
| १.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन | ३ |
| १.५.२ तथ्यांक/सूचना संकलन फाराम तयारी | ३ |
| १.५.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यशाला | ४ |
| १.५.४ तथ्यांक/सूचना संकलन | ५ |
| १.५.५ तथ्यांक विश्लेषण तथा कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयारी | ६ |
| १.५.६ मस्यौदा प्रतिवेदन पेश | ६ |
| १.५.७ परामर्श कार्यशाला गोष्ठी | ६ |
| १.५.८ अन्तिम प्रतिवेदन तयारी | ६ |
| १.६ अध्ययनको सीमा | ६ |
| **परिच्छेद – २:नगरपालिकाको संक्षिप्त परिचय** | **८-१५** |
| २.१ कनकाई नगरपालिकाको संक्षिप्त परीचय | ८ |
| २.२ आर्थिक तथा सामाजिक अवस्था | ९ |
| २.३ प्राकृतिक सम्पदा | १० |
| २.४ धार्मिक,साँस्कृतिक एवंम् पर्यटकीय सम्पदा | १० |
| २.५ नगरपालिकाको संगठनात्मक स्वरूप | ११ |
| २.६ कर्मचारी विवरण | १२ |
| २.७ भौतिक सम्पत्ति | १४ |
| २.७.१ सडक तथा अन्य सुबिधाको अवस्था | १४ |
| २.७.२ जिन्सी तथा सवारी साधनको अवस्था | १४ |
| २.७.३ शैक्षिक स्वास्थ्य संस्थाको अवस्था | १५ |

**परिच्छेद ३: राजश्व अधिकार र आय सम्भावना विश्लेषण** **१६-४३**
३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १६
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था २१
३.३ आन्तरिक राजस्वका प्रमुख क्षेत्र र सम्भावना २५
३.३.१ कर राजस्व २५
३.३.२ गैरकर राजस्व३४
**परिच्छेद ४: आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था** **४४-५४**
४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना ४४
४.२ आय संकलनको संस्थागत व्यवस्था ४५
४.३ विगतको आय परिचालनको अवस्था ४६
४.४ राजस्व परिचालनमा रहेका सवालहरू ५३
**परिच्छेद ५: राजश्व सुधार कार्ययोजना** **५५-६१**
५.१ राजस्व सुधार कार्ययोजना ५५
**परिच्छेद ६:आगामी तीन वर्षको आय प्रक्षेपण** **६२-७०**
६.१ राजस्व प्रक्षेपणका आधारहरु ६२
६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ६७
**परिच्छेद ७: निष्कर्ष तथा सुझाव** **७०-७३**
७.१ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण ७०
७.२ निष्कर्ष तथा सुझावहरु ७०
७.३ कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन ७१
**अनुसूचीहरू**
अनुसूची १ सन्दर्भ सामग्रीहरू
अनुसूची २: तथ्यांक सूचना संकलनक लागि फारम तथा सूची
अनुसूची ३: कार्यक्रमका फोटोहरु
अनुसूची ३: कार्यक्रमको फोटोहरु

## तालिका सुची


| | | |
|---|---|---|
| | | **पेज न.** |
| तालिका १ : | कार्यशालामा गठन गरिएका समूह | ४ |
| तालिका २ : | सूचना संकलन कार्यटोली | ५ |
| तालिका ३ : | कनकाई नगरपालिको विवरण (२०७८ को तथ्यांक अनुसार) | ९ |
| तालिका ४ : | कर्मचारीहरुको विवरण | १२ |
| तालिका ५ : | जिन्सी तथा सवारी साधनको अवस्था | १४ |
| तालिका ६ : | शैक्षिक स्वास्थ्य संस्थाको अवस्था | १५ |
| तालिका ७ : | आन्तरिक आय परिचालनको वर्तमान अवस्था | २२ |
| तालिका ८ : | घरजग्गा वहाल करको सम्भाव्यता विश्लेषण | २८ |
| तालिका ९ : | व्यवसाय करको सम्भाव्यता विश्लेषण | २९ |
| तालिका १० : | विज्ञापन कर विवरण | ३२ |
| तालिका ११ : | बहाल बिटौरी शुल्क (हाटबजार) संकलन | ३४ |
| तालिका १२ : | पर्यटन शूल्कको सम्भाव्यता विवरण | ३७ |
| तालिका १३ : | सरकारी सम्पति बहालबाट प्राप्त आय | ४३ |
| तालिका १४ : | कनकाई नगरपालिकाको राजस्व परामर्श समिति | ४४ |
| तालिका १५ : | कनकाई नगरपालिकाको  राजस्व संकलनको अवस्था | ४६ |
| तालिका १६ : | कनकाई नगरपालिकाको कूल आय संरचना | ५२ |
| तालिका १७ : | कर राजस्व सूधार कार्ययोजना | ५६ |
| तालिका १८ : | गैरकर राजस्व सूधार कार्ययोजना | ५७ |
| तालिका १९ : | राजस्व प्रशासन सुधार कार्ययोजना | ६० |
| तालिका २० : | राजश्व प्रक्षेपणका आधारहरू | ६२ |
| तालिका २१ : | चालू आ.व. को अनुमान तथा आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण | ७८ |
| तालिका २२ : | आगामी ३ वर्षको प्रक्षेपित आय | ७० |

# परिच्छेद -१
## कार्ययोजनाको परिचय

### १.१ पृष्ठभूमी

**"नेपालको संविधान २०७२"** ले संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तिन तहको हुनेछ भनि उल्लेख गरेको छ। विकेन्द्रीकरणको अवधारणा सँगै राज्यशक्तिको बाँडफाँड अनुरुप एक केन्द्र, ७ प्रदेश र ७५३ वटा स्थानीय तहहरुको संरचना विकास गरिएको छ। मुलुकको शासन व्यवस्थामा जनताको बढीभन्दा बढी सहभागिता प्रबर्द्धन गर्न र जनतालाई स्थानीयस्तरमा नै सेवा उपलव्ध गराउन स्थानीय स्वायत्त शासन सम्बन्धी निकायको व्यवस्था गर्दै संविधानको धारा ६० ले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती श्रोतबाट राजस्व उठाउन सक्ने व्यवस्था गरेको अवस्थामा यस राजस्व सम्भाव्यता तथा राजस्व सुधार कार्ययोजना प्रतिबेदनले कनकाई नगरपालिकाको वित्तीय क्षमता विकास गर्ने लक्ष्यका साथै वित्तीय क्षमतालाई सबल बनाउने र राजस्वको सम्भाव्यता, प्रक्षेपण तथा स्रोतहरु पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य लिएको छ ।

हालको परिस्थितिको बारेमा पुनरावलोकन एवम् मूल्याङ्कन गर्ने, लक्षित समूहबीच अन्तरक्रिया एवम् कार्यशाला गोष्ठी गर्ने, राजस्व वृद्धिका उपाय पहिल्याई सल्लाह र सुझाव सहित राजश्व सुधार कार्ययोजना तयार गर्ने र सो तयारी गर्दा प्राप्त अनुभवका आधारमा तालिम सामग्री तयार गर्ने कार्यमा परामर्शदाताको भूमिका आदि रहेको छ । यस कार्यका कृयाकलापहरू नगरपालिकाको नेतृत्वमा संचालन भएका थिए साथै राजश्व सुधार कार्ययोजना तयार गर्दा "नगरपालिका तथा नगरपालिको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६" अनुरुप गरिएको छ । यस नगरपालिकाले यसका प्रकृया तथा उपलब्धीहरूलाई आत्मसातगरी यस कार्य योजनालाई अनुमोदन गरी कार्यान्वयन गर्ने छ भन्ने विश्वासका साथ कनकाई नगरपालिकाको राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन तयार पारिएको छ

### १,२ राजश्व सुधार योजनाको औचित्य

संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संभव नरहेको हुँदा स्थानीय तहको खर्च तथा आवश्यकता परिपूर्तिका लागि राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँड गरिएको छ । नेपालको संविधानको व्यबस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को मान्यता अनुसार नगरपालिका तथा नगरपालिकाले स्थानीय स्तरमा आय संकलन गर्न पाउने अधिकार सुनिश्चित गरिएको छ ।

यसरी कानूनले स्थानीय तहलाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भएतापनि स्थानीय तहहरुले त्यसको पुर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । जसको मुख्य कारणमा स्थानीय तहको संरचना नयाँ हुनु, त्यसको लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाब्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको अभाब तथा अभ्यासको कमी हुनु रहेको छ ।यस प्रतिबेदनमा समाबेश गरिएका सामग्रीले आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मिल्ने विश्वास लिईएको छ ।

## १.३ कार्ययोजनाको उद्देश्य

यस कनकाई नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक श्रोतको संभावना तथा आगामी आर्थिक बर्षको आय प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजना तयार गर्नु यस कार्य योजनाको समग्र उद्देश्य रहेको छ । यस राजश्व सम्भाव्यता तथा राजश्व सुधार कार्य योजनाको विशिष्टिकृत उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. राजश्व परिचालनका सन्दर्भमा विद्धमान नीति तथा विगतको आय परिचालनको अवस्था विश्लेषण गर्ने,

२. स्थानीय तहको आन्तरिक आयका आधार तथा दरको सम्भाब्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्ने,

३. सहभागितामूलक विधि अवलम्बन गरी राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने,

४. राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी स्पष्ट खाका उपलब्ध गराई ढाँचामा एकरुपता र विषयबस्तुमा गुणस्तरियता कायम गर्ने,

५. स्थानीय तहको राजश्व अधिकारका सम्वन्धमा जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकास गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न सहयोग पुर्याउने,

## १.४ कार्ययोजनाका विषयबस्तुहरु

नगरपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६ अनुरुप तयार पारिएको यस प्रतिवेदनमा कनकाई नगरपालिकाको राजस्व परिचालनको हालको परिस्थितिको पुनरावलोकन एवम् मूल्याङ्कनका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कृयाकलापहरुको पहिचान सहित आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्नुका साथै आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने विश्वास लिइएको छ । कार्ययोजनामा समेटिएका विषयवस्तुहरू देहाय बमोजिम रहेका छन् ।

क. कार्ययोजनाको परिचय

ख. नगरपालिकाको संक्षिप्त परिचय

ग. नगरपालिकाको राजस्व अधिकार तथा आय संभाव्यता विश्लेषण

घ. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था

ङ. राजस्व सुधार कार्ययोजना

च. आगामी ३ वर्षको आय प्रक्षेपण

छ. निष्कर्ष तथा सुझाव

## १.५ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया

यस नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयार कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा विश्लेषण, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, लक्षित समूहबीच अन्तरक्रिया, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरु प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### १.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । थप सूचनाका लागि सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुसंग छलफल गरिएको थियो । कार्ययोजना तर्जुमाको क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू **अनुसूची १** मा समावेश गरिएको छ ।

### १.५.२ तथ्यांक/सूचना संकलन फाराम तयारी

तथ्यांक संकलन गर्नुअघि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययनका आधारमा परामर्शदातृ संस्थाबाट सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । राजस्व सुधार कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा समाबेश गरिएको छ ।

### १.५.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यशाला

राजश्व सुधार कार्ययोजना तर्जुमाको लागि परामर्शदाताको टोली फाल्गुन २२ गते कनकाई नगरपालिकाको कार्यालयमा पुगी नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत तथा राजश्व शाखा प्रमुखसंग प्रारम्भिक बैठक गरी अभिमुखिकरण कार्यशालाको मिति, समय, सहभागि र छलफलका विषयबस्तुहरु तय गरिएको थियो । यसै गरि पुर्व तालिका अनुरुप फाल्गुन २३ र २४ गते का दिन स्थानीय तहको राजश्व परिचालन सम्वन्धमा नगरपालिकाका पदाधिकारीहरु, राजश्व परामर्श समिति, कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरुलाई अभिमुखिकरण गर्न तथा राजश्व सुधार कार्ययोजना तर्जुमा गर्न अभिमुखीकरण तथा प्रारम्भीक कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशाला गोष्ठीमा ४७ जनाको सहभागिता रहेको थियो ।

कार्यशाला गोष्ठीको प्रारम्भमा परामर्शदातृ संस्थाका तर्फबाट नारायण कोइरालाले कार्यक्रमको उद्देश्य, अवधारणा तथा कार्ययोजना तर्जुमा प्रक्रिया बारे प्रकाश पार्नु भएको थियो ।

**तालिका १ : कार्यशालामा गठन गरिएका समूह**

| समुह | समूह कार्यको क्षेत्र | समूह संयोजक र सदस्यहरु |
|---|---|---|
| समूह- १ | राजस्वका शिर्षक दायरा, दर, तथा प्रक्षेपण | संयोजकः श्री मंजु प्रसाईं<br>सदस्यः श्री भोजराज आचार्य<br>सदस्यः श्री सम्झना तिवारी |
| समुह -२ | कर राजस्व सुधार योजना | संयोजकः श्री विवेक भण्डारी<br>सदस्यः श्री प्रकाश अधिकारी<br>सदस्यः श्री संगीता पौडेल<br>सदस्यः श्री विजय पाठक |
| समुह -३ | गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत) | संयोजकः श्री लक्ष्मी अधिकारी<br>सदस्यः श्री कुशल आचार्य<br>सदस्यः श्री जिशु मुर्मु |
| समुह- ४ | राजस्व प्रशासन (आयको अभिलेख तथा संकलन, संगठन, अनुगमन र समन्वय) | संयोजकः श्री पिताम्बर गौतम<br>सदस्यः श्री दुर्गा खड्का<br>सदस्यः श्री जमुना कटुवाल |

समूह कार्यको प्रस्तुती र  छलफल पछि कार्ययोजनाका लागि आवश्यक सूचना संकलन गर्न र आवश्यक समन्वयका लागि निम्नानुसारको कार्यटोली गठन गरिएको थियो ।

**तालिका २ : सूचना संकलन कार्यटोली**

| क्र सं | नाम र पद | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री विवेक  भण्डारी | प्रशासकिय अधिकृत | संयोजक |
| २ | श्री खगेन्द्र मिश्र | अधिकृत | सदस्य |
| ३ | श्री भोजराज आचार्य | सहायक | सदस्य |

यसैगरि समापनका अवसरमा नगरपालिकाका प्रमूख श्री राजेन्द्र कुमार पोखरेलले यस कार्ययोजनाको तर्जुमाबाट नगरपालिकाको  आन्तरिक आय वृद्धिमा ठोस सुधारको  अपेक्षा गर्दै सहभागि सबैलाई धन्यबाद व्यक्त गर्नु भएको थियो। अभिमुखिकरणा कार्यशालाको कार्यक्रम तथा सहभागिहरुको विवरण **अनुसूची ३** मा गरिएको छ।

### १.५.४ तथ्यांक/सूचना संकलन

कनकाई नगरपालिकाका विभिन्न शाखाहरू  तथा सरोकारवाला पक्षहरूसंग छलफल, अन्तरकृया, स्थलगत अवलोकन एबम् प्रकाशित तथा अप्रकाशित प्रतिवेदनहरुबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो। यसका अलावा तथ्यांक संकलन कार्यटोलीले समेत आवश्यक तथ्यांकहरू संकलन गरी परामर्शदाता टीमलाई उपलब्ध गराएको थियो । अध्ययनका क्रममा संकलन गरिएका क्षेत्रगत तथ्यांक एवं सूचनाहरू देहाय बमोजिम रहेका छन्।

- राजस्व प्रशासन सम्बन्धी विवरण
- विगत दुईवर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- नगरपालिकाको वस्तुगत विवरण
- कर्मचारी विवरण तथा संगठन संरचना
- आन्तरिक आयको स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

### १.५.५ तथ्यांक विश्लेषण तथा कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयारी

कार्यशाला, समूहगत छलफल र स्थलगत भ्रमण तथा सन्दर्भ सामग्रीहरुको अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी गरिएको विश्लेषणको आधारमा राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार पारिएको थियो ।

### १.५.६ मस्यौदा प्रतिवेदन पेश

राजस्व सुधार कार्ययोजनाको मस्यौदा उपर नगरपालिकाबाट आवश्यक सुझाव तथा सल्लाह प्राप्त गर्नका लागि मस्यौदा प्रतिबेदन नगरपालिकामा समक्ष पेश गरिएको थियो । नगरपालिकाबाट प्राप्त सुझाव समेतका आधारमा परिमार्जन गरिएको मस्यौदालाई परामर्श कार्यशालामा प्रस्तुत गरिएको थियो ।

### १.५.७ परामर्श कार्यशाला गोष्ठी

प्रतिबेदनको परिमार्जित मस्यौदा प्रस्तुत गरी नगरपालिकाका उपप्रमुख राजस्व सुधार समितिका समोजक श्री मंजु प्रसाईं र अन्य सदस्यहरुको लगायत प्रमुख प्रससकिय अधिकृत, विभिन्न शाखाका प्रमुख र अन्य सम्बन्धित कर्मचारीहरुसित मस्यौदा प्रतिवेदनको बारेमा छलफल गरि राय सुझाब संकलन गरिएको थियो ।

### १.५.८ अन्तिम प्रतिवेदन तयारी

कार्ययोजनाको मस्यौदामा नगरपालिकाबाट प्राप्त सुझावहरुको साथसाथै विभिन्न अध्ययन प्रतिवेदन, प्रगति प्रतिवेदन हरुलाई पुनरावलोकन गरि र छलफलबाट प्राप्त सुझाव समेतका आधारमा मस्यौदा प्रतिवेदनलाई अन्तिम रुप दिईएको छ।

## १.६ अध्ययनको सीमा

नगरपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, समयको सिमितता जस्ता कारणले यस अध्ययन प्रतिवेदनका केही सीमाहरू रहेका छन् । त्यस्ता सीमाहरु निम्नानुसार रहेका छन्ः

- नेपाल सरकारले स्थानिय आवधिक निर्वाचनको मिति तोकिसेको अवस्थामा स्थानीय सरकारका कर्मचारीलाई निर्वाचनका लागि खटाईसेकेको अवस्थामा समेत नगरपालिकामा उपलब्ध जनसक्ति र नगरपालिकाको वेवसाइटमा उपलब्ध तथ्याँकहरुलाई संकलन गरि कार्य योजना तयार गरिएको थियो ।
- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार मानी गरिएको छ। यसका अतिरिक्त

नगरपालिकाका सम्बन्धित जानप्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकार पक्षहरूसंग भएको छलफलहरुबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- नगरपालिकाकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएका फाराम अनुसार प्राप्त तथ्याङ्कहरू, कार्यालयका अभिलेखहरु तथा केहि स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।
- नगरपालिकाकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने परिवर्तन, नगरपालिकाकाको सेवामा हुने परिवर्तन, नागरिक संन्तुष्टिमा हुने परिवर्तन, मूल्यांकन दरमा हुने परिवर्तन तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि तथ्याङ्कहरूको पर्याप्त मात्रामा उपलब्ध हुन नसेको अवस्थामा यो कार्य योजना प्रतिवेदन तयार गरिएको छ ।

# परिच्छेद - २

## नगरपालिकाको संक्षिप्त परिचय

### २.१ कनकाई नगरपालिकाको संक्षिप्त परीचय

कनकाई नगरपालिका प्रदेश नंबर एक अन्तर्गत झापा जिल्लाको मध्य भागमा अवस्थित रहेको छ । आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक महत्व र विशेषता बोकेको यस नगरपालिकाको पूर्वमा अर्जुनधारा र विर्तामोड नगरपालिका रहेको छ भने पश्चिममा शिव सताक्षि नगरपालिका रहेको छ । त्यसैगरी उत्तरमा इलामको माई नगरपालिका रहेको छ  भने दक्षिणमा झापा गाउँ पालिका र ब्रहदशी नगरपालिका रहेको छ । यस नगरपालिकाको केन्द्र सुरुङ्गा बजार छेउमा रहेको छ जुन झापा जिल्लाको सदरमुकाम भद्रपुरबाट करिव २८ कि.मी.को दुरीमा रहेको छ र जिल्ला सदरमुकामसँग पिच सडक (पूर्व—पश्चिम राजमार्ग र विर्तामोड—चन्द्रगढी सडक) ले जोडिएको छ । झापा जिल्लालाई पूर्व र पश्चिम करिव २ वरावरी भागमा वाँडेको यस जिल्लाकै प्रमुख नदी कनकाई नदीका नामवाटै यस नगरपालिकाको नामांकरण गरिएको हो । विश्व मान चित्रमा २६.४१, ०६" उत्तरी अक्षासं. देखि ८७.९९,५८" पूर्व देशान्तर सम्म फैलिएको नेपालको कुल भुभागको ०.०३९ प्रतिशत क्षेत्र र झापाको ६.६२ प्रतिशत भुभाग ओगटेको छ ।

८०.९८  वर्ग कि.मी फैलिएको यस नगरपालिकामा जम्मा ९  वटा वडा रहेका छन् । प्राकृतिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण यस नगरपालिका पर्यटकीय हिसाबले पनि महत्वपूर्ण रहेको छ । यस नगरपालिका क्षेत्रका मुख्य वजार केन्दहरुमा सुरुङ्गा, घैलाडुब्बा, लक्ष्मीपुर र दुर्गापुर हुन् ।

२०७८ जनगणना अनुसार यस नगरपालिकाको कुल  जनसंख्या ५३०८८ रहेको छ भने कुल घरधुरी संख्या १३५५३  रहेको छ । यस नगरपालिकाको विवरण तल प्रस्तुत गरिएको छ।

**तालिका ३ : कनकाई नगरपालिको विवरण (२०७८ को तथ्यांक अनुसार)**

| क्र.स | विवरण | जम्मा |
|---|---|---|
| १. | जनसंख्या | ५३०८८ |
| २. | घरधुरी | १३५५३ |
| ३. | महिला | २७५३१ |
| ४. | पुरुष | २५५५७ |
| ५. | जन घनत्व | ६७१.२/ कि. मि. |
| ६. | परिवारको औषत आकार | ३.९१ |

श्रोतः राष्ट्रिय जनगणना २०७८




## २.२ आर्थिक तथा सामाजिक अवस्था

कनकाई नगरपालिकाको मध्य भागमा पूर्व पश्चिम राजमार्गको ८.२ किलोमिटर खण्ड र अमरपथ झापारोड (सुरुङ्गा-चप्रामारी) को करिब ११.७ किलोमिटर सडक खण्ड पनि यसै नगरपालिकामा पर्दछ । अन्य करिब ८ वटा मुख्य सडकहरू यस नगरपालिकाभित्र रहेका छन्, जसले नगरपालिकाका मुख्य व्यापारिक क्षेत्रहरू तथा वडाहरूलाई जोड्ने काम गर्दछ । यसका अतिरिक्त नगरपालिका क्षेत्रभित्र वडा तथा वस्ती जोड्ने अन्य ग्राभेल तथा कच्ची सडकहरू रहेका छन्।

यहाँका मुख्य वजार केन्द्रहरुमा सुरुङ्गा, घैलाडुब्बा, लक्ष्मीपुर र दुर्गापुर हुन्। यस नगरपालिकाको बढ्दो शहरीकरणको आवश्यकतालाई यी बजार केन्द्रहरूले विभिन्न मालासामान तथा सेवाहरू आपूर्ति गरिरहेका छन् । विशेषगरि सूरुङ्गा क्षेत्र व्यापारिक केन्द्रको रुपमा विकसित हुदै गएको छ । स्तरीय होटल, हार्डवयर, इलेक्ट्रोनिक डिलरहरू, रेडीमेड कपडा, मनि ट्रान्सफर, बैक तथा वित्तिय संस्थाहरू, र अन्य सप्लायर्सहरू समेतको संख्या वृद्धि भइरहेको छ ।

कनकाई नगरपालिकामा वसोवास गर्ने मुख्य जाति ब्राह्मण छन् भने क्षेत्री, सतार, राजवंशी अन्य मूख्य

जातिहरूकोरहेका छन्। यस नगरपालिका क्षेत्रको मुख्य आर्थिक क्रियाकलाप कृषिमा आधारित छ । यस वाहेकका आर्थिक क्रियाकलापमा ब्यापार व्यवसाय, सरकारी सेवा र अन्य सेवामुलक रोजगारी रहेका छन् । अन्य स्थानहरूबाट बसाई सर्दै आउने क्रम बढ्दै गएको र नगरपालिकाले समेत पूर्वाधारहरूमा लगानी बढाउदै लगेकाले विस्तारै यस नगरको बजार क्षेत्रसंगै आर्थिक गतिविधि बढ्दै गईरहेको छ ।

## २.३ प्राकृतिक सम्पदा

नगरको करिव १७०० हेक्टर जमिन वन क्षेत्रले ओगटेको छ भने झापा जिल्लाकै प्रमुख नदीहरू यस नगरक्षेत्रमा पर्ने हुनाले मुख्य प्राकृतिक सम्पदाहरूमा वन पैदावार, खोला नाला रहेका छन्। खोटो जडिबुटीहरू र अन्य काष्ठ तथा गैरकाष्ठ उत्पादनहरू वनक्षेत्रवाट हुने मुख्य उत्पादन हुन् भने नगरपालिका क्षेत्रमा रहेका खोलानालावाट उत्पादित खोलाजन्य उत्पादनका खानीहरू अर्को प्राकृतिक सम्पदाको रुपमा रहेको छ ।

## २.४ धार्मिक, साँस्कृतिक एवंम् पर्यटकीय सम्पदा

धार्मिक, साँस्कृतिक एवम् पर्यटकीय दृष्टिकोणले समेत यो नगरपालिका महत्वपूर्ण रहेको छ । कनकाई नदी आफैंमा धार्मिक महत्व बोकेको नदी हो । विभिन्न धर्म तथा जातजातिकोबसोबास रहेको यस नगरपालिका क्षेत्रमा विभिन्न मन्दिर, मश्जिद तथा गुम्बाहरू रहेका छन् । विभिन्न किसिमका जातजाति तथा समुदायका परम्परा र रहन सहन बोकेको यस नगरपालिकाले समय समयमा आफ्ना रितिरिवाज तथा रहनसहनलाई विभिन्न कार्यक्रम मार्फतप्रस्तुत गर्ने गरेको पाईन्छ ।

## २.५ नगरपालिकाको संगठनात्मक स्वरूप

हाल यस नगरपालिकाको संगठनात्मक स्वरूप देहाय अनुसार शाखा र ७ वटा वडाहरुमा वडा कार्यालयहरु रहेका छन् ।



## २.६ कर्मचारी विवरण

यो प्रतिवेदन तयार पार्दाका बखत नगर कार्यपालिकामा रहेका मुख्य शाखा तथा शाखा प्रमुखहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४:कर्मचारीहरुको विवरण**

| सि. न. | पद | संख्या | तह | सेवा/समूह | स्थायी/करार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ | उप-सचिब | नेपाल प्रशासन/प्रशासन | स्थायी | |
| २ | प्रशासकिय अधिकृत | २ | अधिकृत छैटौं | प्रशासन/सा. प्र. | स्थायी | |
| ३ | सहायक | ४ | पाचौ | प्रशासन/सा. प्र. | स्थायी | |
| ४ | अ. स. ई. | १ | चौथो | इन्जीनियर/ सिभिल | स्थायी | |
| ५ | सहायक | १ | चौथो | विविध | स्थायी | |
| ६ | अधिकृत | - | सातौ | प्रशासन लेखा | स्थायी | |
| ७ | सहायक | १ | पाचौ | प्रशासन लेखा | स्थायी | |
| ८ | सहायक | १ | `चौथो | प्रशासन/सा. प्र. | स्थायी | |
| ९ | सहायक | १ | `चौथो | प्रशासन लेखा | स्थायी | |
| १० | अन्तरिक लेखा परिक्षक | १ | छैठौ | लेखा परिक्षण | स्थायी | |
| ११ | अधिकृत | १ | दशौ | शि. प्र./शिक्षा | स्थायी | |
| १२ | अधिकृत | १ | आठौं | शि. प्र./शिक्षा | स्थायी | |
| १३ | श्रोत व्यक्ति | १ | छैठौं | शिक्षा | | |
| १४ | प्रा. स. | १ | पाचौ | | | |
| १५ | सि. अ. हे. व. | १ | छैठौ | जनरल हेल्थ | स्थायी | |
| १६ | जान स्वास्थ्य अधिकृत | १ | छैठौ | जनरल हेल्थ | स्थायी | |
| १७ | अधिकृत | २ | छैठौ | इन्जीनियर/ सिभिल | स्थायी | |
| १८ | अमिन | २ | चौथो | इन्जीनियर/सर्भे | स्थायी | |
| १९ | सहायक (जिन्सी) | १ | पाचौ | प्रशासन/ स. प्र. | स्थायी | |
| २० | कम्पुटर अपरेटर | १ | पाचौ | विविध | करार | |
| २१ | अधिकृत (सुचना) | १ | छैठौ | सुचना प्रविधि | करार | |
| २२ | अधिकृत (रोजगार) | १ | छैठौ | प्रशासन | करार | |
| २३ | प्राविधिक सहायक | १ | पाचौ | इन्जीनियर/ सिभिल | कारार | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | उधम विकास सहजकर्ता | १ | पाचौ | विविध | कारार | |
| २५ | उधम विकास सहजकर्ता | १ | चौथो | विविध | कारार | |
| २६ | अधिकृत | १ | छैठौ | प्रशासान/ सा. प्र. | स्थायी | |
| २७ | सहायक (सामाजिक विकास शाखा) | १ | पाचौ | विविध | स्थायी | |
| २८ | एम. आइ. एस. अपरेटर | २ | पाचौ | विविध | करार | |
| २९ | फिल्ड सहायक | १ | चौथो | विविध | करार | |
| ३० | कानुन अधिकृत | १ | छैठौ | कानुन | कारार | |
| ३१ | सहायक | १ | पाचौ | प्रशासान/ सा. प्र. | स्थायी | |
| ३२ | अधिकृत | २ | छैठौ | नेपाल कृषि/भेटनरी | स्थायी | |
| ३३ | ना. प्रा. स. | १ | पाचौ | नेपाल कृषि/भेटनरी | स्थायी | |
| ३४ | ना. प्रा. स. | १ | चौथो | नेपाल कृषि/भेटनरी | करार | |
| ३५ | का. स. | - | श्रेणी विहिन | - | स्थायी | |
| ३६ | बाल कल्याण अधिकारी | १ | पाचौ | विवध | करार | |
| ३७ | अधिकृत | १ | छैठौ | कृषि | करार | |
| ३८ | कृषि/ का. स. | १ | श्रेणी विहिन | - | करार | |
| ३९ | का. स. | १ | चौथो | | स्थायी | |
| ४० | स्वकीय सचिब (नगर प्रमुख) | १ | चौथो | विविध | करार | |
| ४१ | सहायक/सचिव | ९ | पाचौ | प्रशासान/ सा. प्र. | स्थायी | |
| ४२. | अ. सब-इन्जिनियर | २ | चौथो | इन्जीनियर/ सिभिल | स्थायी | |
| ४३ | अ. सब-इन्जिनियर | १ | पाचौ | इन्जीनियर/ सिभिल | स्थायी | |
| ४४ | का. स. | ७ | श्रेणी विहिन | - | करार | |
| ४५ | सा. प. | २ | चौथो | | करार | |
| ४६. | अ. स. ई. | १ | चौथो | इन्जीनियर/ सिभिल | स्थायी | |
| ४७ | सवारी चालक | २ | श्रेणी विहिन | - | करार | |
| ४८ | हल्का सवारी चालक | १ | श्रेणी विहिन | - | करार | |

## २.७ भौतिक सम्पत्ति

कनकाई नगरपालिका अन्तरगत भौतिक पुर्वाधारको अवस्था राम्रो रहेको छ । हाल यस नगरपालिकाको आफनै प्रशासनिक भवन रहेको छ भने ९ न. वडा कार्यलयले पनि आफ्नै भवनबाट सेवा प्रवाह

गरिरहेको छ ।वडा न. १ ले भने नगरपालिकाको कार्यालयबाट सेवा र अन्य वडाहरु मध्ये २, ३, ४, ५, ६ र ७ प्राथमिक स्वास्थ्य सेवाको भवनबाट आफ्नो दैनिकी सेवा संचालन गरिरहेको अवस्था रहेको छ भने वडा न. ८ ले भाडामा भवन लिई कार्यालयको कार्य संचालन गर्दै रहेको छ ।यस नगरपालिकाको सबै वडामा सडक निर्माण तथा बिस्तारक कार्यक्रमहरु संचालन भइरहेका छन् । यस नगरपालिकाको सबै जसो वडाहरुमा राष्ट्रिय प्रसारण लाइन जोडिएको छ । जस्ले गर्दा यहाका नागरिकहरुले बिधुतिय सेवाबाट वान्चित हुनु परेको छैन । यस नगरपालिकाको क्षेत्र भित्र सरकारी स्वामित्वका दुई वटा बैंक, सहित हालसम्म ६ वटा वाणिव्य बैंकहरू सहित करिब ५८ वटा बैंक तथा वित्तिय संस्थाहरू रहेका छन्। साथसाथै अस्पताल, स्वास्थ्य चौकी र निजि क्लिनिकहरुले स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेका छन् । नगरपालिकाको सबै वडाहरुमा विधुतीय तथा इन्टरनेट सेवाको सुविधा रहेको छ । नगरपालिका तथा वडा कार्यालयहरुमा आवश्यक चाहिने फर्निचरहरुको व्यवस्था रहेको छ ।

### २.७.१ सडक तथा अन्य सुबिधाको अवस्था

यस नगरपालिकामा पूर्व पश्चिम महेन्द्र राजमार्ग ७ किलोमिटर कालोपत्रे, उत्तर दक्षिण अमरपथ सडकको सुरुङ्गा खण्ड कालो पत्रे, जनपथ मार्ग ५०० मिटर कालोपत्रे र ५०० कि.मीं ग्राभेल, लक्ष्मी पाण्डे मार्ग सडक ग्रावेल, अजुर्नधरा न.पा हुदै १,२,३,४ हुदै शिवगञ्जसम्म जोड्ने बाटो ग्रावेल, विप्लव सृजन शहिद मार्ग, हिमाली सडक ४ कि.मी ग्राभेल, चम्पापुर सडक ३ कि.मी ग्राभेल, अन्य शाखा सडकको प्रत्येक वडामा दर्जन भन्दा रहेका छ जसको ७० प्रतिशत सडक ग्रावेल भैसकेको छ ।

### २.७.२ जिन्सी तथा सवारी साधनको अवस्था

**तालिका ५ जिन्सी तथा सवारी साधनको अवस्था**

| विवरण | संख्या | कैफियत |
|---|---|---|
| मोटरसाइकल | ७० | |
| स्कुटर | २ | |
| साइकल | १० | |
| चार पांग्रे (कार र जीप) | ३ | |
| एम्बुलेन्स | २ | |
| ट्र्याक्टर | १ | |
| ट्रीपर | १ | |
| स्काईभेटर | १ | |

| | | |
|---|---|---|
| लोडर | १ | |
| डेस्कटप कम्प्युटर | ४८ | |
| ल्यापटप | ३५ | |
| प्रिन्टर | ५२ | |

### २.७.३ शैक्षिक स्वास्थ्य संस्थाको अवस्था

**तालिका ६ शैक्षिक स्वास्थ्य संस्थाको अवस्था**

| विवरण | संख्या | कैफियत |
|---|---|---|
| सामुदायिक बिद्यालय | १४ | |
| निजि बिद्यालय | २१ | |
| स्वास्थ्य चौकी | ६ | |
| स्वास्थ्य केन्द्र | ८ | |
| प्राथमिक स्वास्थ्य केन्द्र | १ | |
| प्राथमिक स्वास्थ्य चौकी | १ | |

# परिच्छेद - ३

## राजश्व अधिकार र आय सम्भावना विश्लेषण

### ३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तिन तहको व्यवस्था गरे सँगै राज्यशक्तिको बाँडफाँड गरि नगरपालिका तथा नगरपालिकालाई राजस्व अधिकार प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले करको विद्यमान् संरचना एवम् संचालन बारेमा नगरपालिकालाई मार्गदर्शन गरेको अवस्था रहेको छ । यो ऐनले नगरपालिकाहरूले लिन पाउने कर, दस्तूर एवं शुल्कको किसिम, दर एवम् दायरा निश्चित गरेको छ साथै यस ऐनले कानून बमोजिम बाहेक नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था गरेको छ । यस ऐनले निर्धारण गरेको परिधिभित्र रही नगर परिषद्बवाट अनुमोदन गराई नगरपालिकाले स्थानीय कर, शुल्क एवम् दस्तूरहरू उठाउने गर्दछ ।

**नेपालको संविधान, २०७२** को अनुसूची ८ रहेको स्थानीय तहको २२ वटा एकल अधिकार मध्ये राजश्व अधिकार अन्तर्गत देहाय बमोजिमका अधिकार प्रदान गरेको छः

- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमीकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर

**स्थानीय सरकार संचालन ऐन, २०७४** ले नगरपालिकालाई देहायका राजस्व अधिकार प्रदान गरेको छः

**(क) नगरपालिकाको एकल राजस्व अधिकारः**

अ) कर

१. **सम्पत्ति कर**ः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने व्यबस्था रहेको छ। "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्दछ । (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित ब्यवस्था)

२.**भूमि कर (मालपोत)**ः आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमीकर वा मालपोत लगाउने व्यबस्था छ । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन पाइदैन । (आर्थिक ऐन २०७५ वाट संशोधित ब्यवस्था)

३.**घर जग्गा बहाल कर**ः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा घरजग्गा बहाल कर लगाउन सकिने व्यबस्था छ। (तर खण्ड ६८, संख्या ३, भाग ५, मिति २०७५।१।१० को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर मात्र सम्बन्धित स्थानीय तहले संकलन गर्ने व्यबस्था गरेको छ ।)

४.**व्यवसाय कर**ः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा स्थानीय तहले व्यबसाय कर लगाउने व्यबस्था रहेको छ ।

५.**सवारी कर**ः टाँगा, रिक्सा, अटोरिक्सा, विद्धुतिय रिक्सामा स्थानीय तहले सवारी कर लगाउन सक्छ ।

६.**काठ जन्य, कवाडी र जीवजन्तु कर**ः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत स्थानीय तहले यस्तो कर लगाउन सक्छ।

आ) शुल्क

- **बहाल विटौरी शुल्क**ः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत स्थानीय तहले बहाल विटौरी शुल्क लिन सक्ने व्यबस्था छ ।
- **पार्किङ शुल्क**ः आफ्नो क्षेत्रभित्र सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत यो शुल्क लगाउन सकिन्छ ।

## इ) सेवा शुल्क

स्थानीय तहले उपलब्ध गराउने देहायका सेवामा सेवाशुल्क लगाई उठाउन सक्ने व्यबस्था छ :

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायकिङ, बञ्जीजम्प, जिपप्लायर, प्यारागलाइडिङ आदि मनोरञ्जन तथा साहसीक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा।
- आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाहगृह, धोविघाट, सडक, वसपार्क, पुल आदि सेवामा ।
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

## ई) दस्तुर

**दर्ता, अनुमति तथा नवीकरण दस्तुरः** देहायका सेवा उपलब्ध गराए बापत स्थानीय तहले दस्तुर लिन सक्छ :

- एफएम रेडियो संचालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ सेन्टर, औषधि पसल, जग्गा विकास (प्लटिग)
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग
- घरनक्सा पास
- ३५ दिन पछि दर्ता गरिने व्यक्तिगत घटना
- सबै किसिमका सिफारिश तथा प्रमाणित सेवा

**उ) बिक्री गर्न सक्ने** (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)

- नगरपालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- नगरपालिका आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने** (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को उपरोक्त कानूनी व्यबस्था र संघीय वन ऐन २०७६ मा गरिएको सामुदायिक वन सम्बन्धी व्यबस्था एक आपसमा बाझिन गएको अवस्था उत्पन्न भएको छ ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४))**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नगरपालिकालाई निम्नअनुसार राजस्व अधिकार प्रदान गरेको छः

**(अ) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित ब्यवस्था)**

(क) सवारी साधन कर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन कर नगरपालिकाले लगाउने र उठाउने।

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले निर्धारण गर्ने र नगरपालिकाले उठाउने ।

(घ) विज्ञापन कर नगरपालिकाले लगाउने र उठाउने ।

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यबस्था रहेको छ ।

प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत नगरपालिकालाई बाँडफाँड हुने गर्दछ । यस्तो रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई मासिक रुपमा उपलब्ध गराउनु पर्ने हुन्छ ।

**(आ) राजस्व बाँडफाँड**

नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने व्यबस्था छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम यस्तो रकमको बाँडफाँड हुने गर्दछ । यस्तो रकम स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने व्यबस्था छ । प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी समेत आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशतले हुने रकम बाँडफाँड गरिन्छ । यस्तो रोयल्टी स्थानीय तहलाई बार्षिक रुपमा प्राप्त हुने व्यबस्था छ ।

**(इ) अनुदान**

- **वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **सशर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।

- **समपूरक अनुदानः** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने ।

**(ई) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएरमात्र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने ।
- स्थानीय तहले नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त कानूनी व्यवस्था बमोजिम स्थानीय तहले राजस्व अधिकारको उपयोग गर्दा कानून बमोजिम वाहेक कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने संवैधानिक ब्यवस्था रहेको।
- कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्रमा कर नलाग्ने ।
- सेवा शुल्क असुली कार्य आफै वा ब्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने।

## ३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

माथि उल्लिखित राजस्व अधिकार सम्बन्धी कानूनी व्यवस्थाका आधारमा यस नगरपालिकाको सम्भाव्य आय शिर्षकहरूको परिचालनको अवस्था विश्लेषण गरिएको छ । यस अन्तर्गत नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको सम्भाव्यता, दर निर्धारण र संकलनको अवस्थालाई देहाय बमोजिम पहिचान गरिएको छ :

तालिका ७ : आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| क. | करतर्फ | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | भएको | भएको |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | भएको | नभएको |
| ७ | विज्ञापन कर | छ | भएको | नभएको |
| ८ | मनोरन्जन कर | छ | भएको | नभएको |
| ख. | गैरकर | | | |
| १ | ढुंगा, गिट्टी, बालुवा, एवम् माटोजन्य वस्तुको बिक्री | छ | भएको | भएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | नभएको | नभएको |
| ३ | सामुदायिक वन पैदावार बिक्री | छ | भएको | नभएको |
| ४ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ५ | व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर | छ | भएको | भएको |

| | | | | |
|---|---|---|---|---|
| ६ | बहाल विटौरी शुल्क | छ | भएको | भएको |
| ७ | पार्किङ शुल्क | छ | नभएको | नभएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| ९ | स्थानीय खानेपानी महसुल | छ | भएको | भएको |
| १० | स्थानीय विद्‌धुत महसुल | छ | भएको | भएको |
| ११ | मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क (केवलकार, ट्रेकिंग , कायाकिंग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिंग आदि) | छ | नभएको | नभएको |
| १२ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (अतिथि गृह, सभागृह, सडक वत्ति, शौचालय, पार्क, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, वसपार्क आदि) | छ | नभएको | नभएको |
| १३ | मूल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो | छ | भएको | भएको |

| | | | | |
|---|---|---|---|---|
| | संचालन, घ वर्गको निर्माण इजाजतपत्र, बिद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म (आंशिक) | | | |
| १५ | ढुँगा, गिट्टी, बालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | भएको | भएको |
| १६ | सिफारिस तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १७ | दण्ड जरिवाना | छ | भएको | भएको |

प्रस्तुत तालिकामा विद्यमान कानुनी प्रावधान अनुसार नगरपालिकाले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ ।

तालिका अनुसार करतर्फ ९ शीर्षक र गैरकरतर्फ १७ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ। यस तालिका अनुसार नगरपालिकाले लिनसक्ने नौ किसिमका कर मध्ये नगरपालिकाका सम्बन्धित कर्मचारीहरूसँगको छलफल, स्थानीय तहको भ्रमण तथा नगरपालिकाका दस्तावेजहरूको अध्ययनका आधारमा पाँच किसिमका करहरु संकलन रहेको देखिन्छ । तत्काल संभावना नदेखिएको मनोरन्जन लगायत व्यवसाय करको पनि दर निर्धारण गरिएकोले नौ किसिमकै करको संकलन गर्न सकिने सम्भावना रहेको देखिन्छ।

गैरकरतर्फका राजस्वका १७ शीर्षक मध्ये सबै शीर्षकमा संकलनको सम्भावना भएको पाइए पनि ११ शीर्षकबाट राजस्व संकलन भएको पाइएको छ ।

## ३.३ आन्तरिक राजस्वका प्रमुख क्षेत्र र सम्भावना

### ३.३.१ कर राजस्व

### क. सम्पत्ति कर

<u>**हालको अवस्थाः**</u> नगरपालिकाले **"कनकाई नगरपालिकाको आर्थिक ऐन, २०७५"** जारी गरि २०७५ देखि सम्पत्ति कर कार्यान्वयनमा ल्याएको छ। कनकाई नगरपालिकाको आर्थिक ऐन,२०७५ ले घरसंरचना र सो घरसंरचनाले चर्चेको (प्लिन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ । जग्गाको मूल्यांकन दर कायम गर्दा बजारको भाउ साथसाथै जग्गाको मूल्यांकन आधारमा बढीमा रु. ६००००/- र घटीमा रु. १००/- कायम गरेको छ ।

नगरपालिकाले सम्पत्ति कर बापत गत आ.व. २०७७/०७८ मा रु. ५,०००,००० अनुमान गरि रु. ८२,९९,८१२ संकलन गरेकोमा चालु आ.व. २०७८/२०७९ मा सम्पत्ति कर बापत रु. ६,०००,००० संकलन गर्ने प्रस्ताव गरेको छ । नगरपालिकाको कार्यालय लगायत सबै वडा कार्यालयहरुमा बिलिङका लागि विधुतीय तथा हाते बिल मार्फत सम्पति करहरु संकलन गरिरहेको छ।

<u>**सम्भाव्यताः**</u>

कनकाई नगरपालिकाको २०७८ को जनसंख्या गणना अनुसार नगरको कुल घरधुरी संख्या १३,५५३ भएको र हालको कानूनी व्यबस्था अनुसार घर तथा घरले चर्चेको जग्गाको मात्र सम्पत्ति कर लिन सकिने भएकोले संभाव्यता गणना गर्दा सम्पूर्ण घरधुरी मध्ये करिब ६० देखि ६५ प्रतिशत सम्म सम्पत्ति कर घरहरु पर्ति र ऐलानी जग्गामा बनेको समेतका आधारमा सम्पत्ति करमा लगभग ६१३१ करदाता रहने अनुमान गरिएको छ । हाल नगरपालिकाले विगतको एकीकृत सम्पत्ति कर सम्बन्धी व्यबस्था नै सबै जग्गा र घरमा सम्पत्ति कर लिने गरेको कारण करदाताले न्यूनतम रु. १००/- देखि अधिकतम रु ६०,०००/- सम्म कर तिर्ने गरेको पाइन्छ । तर अव उप्रान्त घर र घरले चर्चेको जग्गाको मात्र सम्पत्ति कर लिन पाइने हुँदा प्रति करदाता औषत रकममा व्यापक कमी आउने देखिएकोले औषत करदाता रु. ८१५/- का दरले रकम अनुमान गरिएको छ ।

<u>**सुधारका पक्षहरूः**</u>

यस नगरपालिकाको आन्तरिक आयको निकै महत्वपुर्ण स्रोत सम्पत्ति कर भएको र यो कर प्रत्यक्ष रुपमा नगरवासीको सम्पत्तिमा आधारित हुने हुदा संवेदनशिल हुने गर्दछ । यसलाई प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाले निम्न पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छः

- नगरपालिकामा सम्पत्ति कर कार्यान्वयनका लागि बेग्लै कार्यविधि तयार गर्ने ।

- नगरपालिकाले मालपोत कार्यालयसंग समन्वय गरि मालपोतको मूल्यांकन दरसंग नगरपालिकाको सम्पत्ति मूल्यांकनको दरलाई यथार्थपरक बनाउने ।
- ब्यापारिक प्रयोजन र आवासीय तथा खेतीयोग्य जग्गाहरुको मूल्यांकन लाई यथार्थपरक बनाउने ।
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अध्यावधिक गर्ने ।
- पालिकामा सम्पत्ति करको विवरणसंग घरजग्गा वहाल कर र व्यवसाय कर विवरणलाई आवद्ध गरि एकैपटक तीनवटै कर समेत संकलन गर्ने प्रविधिको विकास गर्ने ।

## ख. भूमि कर (मालपोत)

**<u>हालको अवस्थाः</u>** कनकाई नगरपालिकाको आर्थिक ऐन, २०७५ ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गा बाहेकका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने व्यवस्था गरेको छ । भूमीकर (मालपोत) लिंदा सम्पत्ति कर प्रयोजनका लागि कायम भएको जग्गाको मूल्य र करको दरका आधारमा लिने गरिएको छ । नगरपालिकाले करदाताबाट सम्पत्ति कर र भूमीकर (मालपोत) भनी एउटै विल/रसिद दिने गरेको भए पनि भूमीकर (मालपोत) र सम्पत्ति कर लाग्ने जग्गाको क्षेत्रफल छुट्याई कर लिने गरेको छैन ।

कनकाई नगरपालिकाले आ. ब. २०७३/७४ देखि नै सम्पत्ति कर कार्यान्वयनमा ल्याएको हुँदा त्यस पछिका आ.ब. २०७७/७८ सम्मका लागि बक्यौता मालपोत रकम मात्र असूल गरिरहेको छ । यस अनुरुप आ.व. २०७७/७८ मा कुल रु ४४,९९,३९२ बक्यौता मालपोत संकलन भएको थियो। चालु आ.व. २०७८/७९ मा मालपोत बापत रु. ४,०००,००० अनुमान गरेको छ ।

**<u>सम्भाव्यताः</u>**

कनकाई नगरपालिकामा नीजि स्वामित्वको जग्गा सम्बन्धी एकीन विबरण उपलब्ध छैन । मालपोत कार्यालयबाट पनि यस्तो विबरण उपलब्ध हुन सकेन । जनगणना २०७८ को अनुसार घरधुरी संख्या १३,५५३ भएता पनि कतिपय करदाता घरधुरी अलग देखिए पनि जग्गा र घरको स्वामित्व एकै व्यक्तिको नाममा रहेको र कतिपय करदाताको सम्पत्ति करमात्र लाग्ने र मालपोत लगाउन जग्गा नहुने समेत सम्भावनालाई ध्यानमा राखी कुल मालपोत करको करदाता संख्या ६,५०० अनुमान गरिएको छ।

**<u>सुधारका पक्षहरू:</u>**

नगरपालिकामा भूमि तथा करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध नभएको अवस्थाको कारण भूमि र करदाता सम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधिको व्यवस्था गर्नु पर्ने प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन्

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरेर अथवा मालपोत कार्यालयसँगको समन्वयमा नयाँ नापी गरेर भूमिसम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने ।
- सडकहरुको नक्साङ्कन, नामकरण र लगत कट्टाको व्यवस्था गर्ने ।
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने ।
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने ।
- आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानुनी व्यबस्था गर्ने ।
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

**ग. घरजग्गा वहाल कर**

नगरपालिका क्षेत्रम कुनै व्यक्ति वा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिए घरजग्गा वहाल कर लगाइने र असूल गरिने छ भनि नगरपालिकाले ऐन पास गरेको छ ।

**<u>हालको अवस्था:</u>**

कनकाई नगरपालिकाले आफ्नो आर्थिक ऐनमा उल्लेख गरे अनुसार  कोठा भाडा लगाउने घरधनीलाई संझौता अनुसार बहाल रकमको १० प्रतिशत असुल गर्ने ब्यवस्था गरेको छ । तथापी नगरपालिकाले प्रभावकारी रुपमा यो कर संकलन गर्न सकेको छैन । संस्थागत रुपमा बहालमा बस्ने संस्थाहरूले कानूनी प्रावधानले बाध्य बनाएका कारणले  नबुझाई नहुने भएको अवस्थामा मात्र बुझाउने गरेको देखिन्छ । आ.व. २०७७/७८ मा रु. २,०००,००० कर उठ्ने अनुमान गरेकोमा रु. २८,७४,२०२.७४ रुपैया कर संकलन भएको देखिन्छ । चालु आ.व.२०७८÷७९ मा यस क्षेत्रबाट रु. २,५००,००० कर संकलन गर्न सकिने अनुमान गरीएको छ ।

**संभावनाः**

यो माथिको करको तथ्यांकलाई हेर्दा नगरपालिकाको घरजग्गा वहाल करको दरलाई कायमै राखी कर संकलन गर्दाखेरी देहाय बमोजिम संकलन सम्भावना देखिन्छ।

**तालिका ८ : घरजग्गा वहाल करको सम्भाव्यता विश्लेषण**

| क्रसं | प्रयोजनका आधारमा बहालमा बस्ने | कुल संख्या | बहालमा बस्ने अनुमानित संख्या (क) | मासिक औषत अनुमानित भाडारकम(ख) | वार्षिक भाडा रकम(ग) | घर बहाल कर (घ) |
|---|---|---|---|---|---|---|
| | | | | | क x ख x १२ | (घ)को ऐनले तोके अनुसार प्रतिशत* |
| १ | बैंक तथा वित्तीय संस्था | ५८ | ५३ | १५,००० | ९,५४०,००० | ९५४,००० |
| २ | निजी विद्यालय | २१ | १६ | २५,००० | ४,८००,००० | ४८०,००० |
| ३ | होटेल तथा रेष्टुरेन्ट | १५० | ७५ | १०,००० | ९,०००,००० | ९००,००० |
| ४ | घरायसी प्रयोजनमा बस्नेहरु | ३५० | ३५० | २,००० | ८४,००००० | ८४,००० |
| ५ | सरकारी तथा गैस संघ संस्थाहरु | ७० | ६० | ८,००० | ५,७६०,००० | ५७६,००० |
| ६ | अन्य व्यवसायहरु | ९५० | ६०० | ५,००० | ३६,०००,००० | ३६०,००० |
| **जम्मा** | | | **१,१४५** | **६५,०००** | **९००,१२०,०००** | **३,३५४,०००** |

माथिको तालिकाको विश्लेषण अनुसार ३३५४००० बहाल कर उठ्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- नगरपालिका भित्र घर वहालमा लगाएका घरधनि र ब्यापारिक प्रयोजनकाको रुपमा लगाएको जागा जमिनहरुको लगत संकलन गरी अद्यावधिक गरि सम्पत्ति करसंग आवद्ध गर्ने ।
- बैज्ञानिक मूल्य निर्धारण प्रणालीको विकास गरि घरजग्गा वहाल मूल्यांकन गरि त्यसै अनुरुप कर संकलन गर्ने।

➢ घर तथा वहालकरको दर पुनरावलोकन गर्ने ।

➢ नगरपालिकाले घरजग्गा वहाल कर संकलन गर्न का लागि कार्यविधि तर्जुमा गरि लागु गर्ने ।

## घ. व्यवसाय कर

नगरपालिका क्षेत्र भित्र व्यपार, व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय गर लगाइने छ। नगरपालिकाले आर्थिक ऐनमा व्यवसायहरूलाई व्यवसायको किसिमको आधारमा विभाजन गरी करको दर निर्धारण गरेको छ । व्यवसाय करको दर न्यूनतम रु ३०० देखि अधिकतम रु २०,००० सम्म रहेको छ । व्यवसाय कर वापत नगरपालिकाले आ. व. २०७७/७८ मा रु. ३,२१२,९४८.९३ असुल गरेकोमा आ.व. २०७८/७९ को लागि रु २,०००,००० संकलन हुने अनुमान गरिएको छ ।

संभावना:

यस नगरपालिकाको व्यवसाय करको संख्या निकै ठुलो रहेको ले ति फर्म तथा प्रतिष्ठानहरूबाट निम्न बमोजिम व्यवसाय कर संकलन हुन सक्ने सम्भावना देखिएको छ ।

**तालिका ९ :व्यवसाय करको सम्भाव्यता विश्लेषण**

| क्रसं | व्यापार व्यवसायको विवरण | संख्या | करको औसत दर | सम्भावित आय |
|---|---|---|---|---|
| १ | क वर्गको वित्तिय संस्था तथा बैंक | ६ | ५०,००० | ३००.००० |
| २ | ख वर्गको वित्तिय संस्था तथा बैंक | ३ | ४०,००० | १२०,००० |
| ३ | ग वर्गको वित्तिय संस्था तथा बैंक | १२ | ३०,००० | ३६०,००० |
| ४ | घ वर्गको वित्तिय संस्था तथा बैंक | १२ | २०,००० | २४०,००० |
| ५ | सहकारी, विमा र मनिट्रान्सफर | ६१ | १०,००० | ६१०,००० |
| ६ | मझौला उद्योग | १० | १०.००० | १००,००० |
| ७ | साना उद्योग | १४५ | ३,००० | ४३५,००० |
| ८ | निजी विद्यालय | २१ | ५,००० | १०५,००० |
| ९ | डिलर तथा थोक विक्रेता | ९५ | ४,००० | ३६४,००० |
| १० | निजी अस्पताल र क्लिनिक | २५ | ५,००० | १२५,००० |
| ११ | निर्माण व्यवसायी तथा सप्लायर्स | ११ | ५,००० | ५५,००० |
| १२ | निजि फन पार्क लगायत ठुला मनोरंजन स्थल | ३ | २०,००० | ६०,००० |
| १३ | पेट्रोल पम्प | ३ | ६,००० | १८,००० |

| | | | | |
|---|---|---|---|---|
| १४ | होटेल रेस्टुरेन्ट | १५० | २,५०० | ३७५,००० |
| १५ | अन्य व्यवसाय | २००० | १,००० | २,०००,००० |
| **जम्मा** | | | | **५,२६७,०००** |

माथिको विस्लेषण अनुसार व्यवसाय करको सम्भाव्य आम्दानी ५,२६७,००० हुने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- नगरपालिकामा सञ्चालित सबै किसिमका व्यवसायहरुको विवरण/लगत संकलन गर्ने ।
- नगरपालिकाको आर्थिक ऐनमा व्यवसायलाई लगानी, कारोवार र मापदण्डको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- ऐनले व्यवस्था गरे अनुसारका सबै व्यवसायलाई न. पा. मा दर्ता गराउने तथा नगरपालिका क्षेत्रमा व्यवसाय संचालन गर्नको लागि नगरपालिकावाट व्यवसाय संचालन अनिवार्य इजाजत लिनुपर्ने व्यवस्था गर्ने ।
- ब्यवसायको लगानी र आर्थिक कारोवारको आधारमा दर्ता शुल्क र वार्षिक कर निर्धारण गर्ने ।
- बजार अनुगमन गर्ने, कार्यका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने ।
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यससम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने ।
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रुपमा स्थापित गर्ने । जस्तै, अधिकतम कर तिर्ने करदातालाई पुरस्कृत गर्नुका साथै कर नतिर्ने तथा अटेरी गर्नेलाई जरिवानाको व्यवस्था गर्ने ।
- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य संघ आदि कार्यालयहरूसँग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व कार्यालयले व्यवसाय संचालनका लागि VAT तथा PAN दर्ता एवं नवीकरण गर्दा स्थानीय निकायको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ।

## ङ. काठजन्य, कवाडी, जीवजन्तु कर

### हालको अवस्थाः

कनकाई नगरपालिका विभिन्न क्षेत्रबाट कवाडी संकलन गरी बेचविखन गर्ने व्यवसायहरू संचालनमा रहेको भएता पनि मरेका जीवजन्तु तथा काठजन्य वस्तुहरु संकलन तथा बिक्री गर्ने व्यवसायहरूको लागत रहेको देखिन्छ। स्थानीय सरकार संचालन ऐन लागू भएपछि यस शीर्षकबाट आय संकलन गर्ने अधिकार प्राप्त भएसंगै नगरपालिकाले आर्थिक ऐनमा करका दरहरू निर्धारण गरि यस्तो कर संकलन गर्ने गरेको छ । यस्ता व्यवसाय संचालन गर्नेलाई नगरपालिकाले इजाजत प्रदान गर्ने र उपयुक्त मापदण्डका आधारमा कर संकलन गर्न सक्ने वातावरण रहेको छ।

**सम्भावनाः**

यस कनकाई नगरपालिका क्षेत्रवाट करिव १५०० देखि २००० क्विन्टल सम्म कवाडी मालवस्तु संकलन तथा बिक्री हुने गरिएको छ। नगरपालिकाले कवाडी वस्तुको मूल्यको आधारमा प्रति के. जी. औसत रु २.०० सम्म कर निर्धारण गर्दा वार्षिक रु. ४००,००० कर संकलन हुने अवस्था देखिन्छ । तर मरेका जीवजन्तुतथा जडिवुटी संकलन तथा बिक्रीको सम्भावना गणना नगरिएता पनि भैंसी/राँगा, खसी/बाखा आदि र अन्य घरपालुवा जनावरहरुको पनि निकासीको सम्भावना रहेको छ ।

**सुधारका पक्षहरूः**

- नगरपालिका क्षेत्रमा संकलन हुने कवाडी मालसामान तथा काठजन्य वस्तुको परिमाण एकीन गरी करको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- कवाडी व्यबसाय साथै काठजन्य वस्तुको व्यबसाय को सञ्चालन सम्बन्धी मापदण्ड तथा कार्यविधि निर्धारण गरी सम्भाव्य वातावरणीय प्रदूषण नियन्त्रण गर्ने ।
- कनकाई नदीमा माछा मार्ने छिमेकि पालिकासँग समन्वय गरि कार्यपालिकाले निर्णय गरि आगामी आर्थिक बर्षमा कार्यान्वयनमा ल्याउने ।

## च. साना सवारी कर

टाँगा, रिक्सा, अटो रिक्सा र ई रिक्साको दर्ता र नवीकरणमा वार्षिक शुल्क १५०० निर्धारण गरेको भएपनि हाल सम्म यस शिर्षकमा कर उठेको देखिदैन ।

**हालको अवस्था**

हालको अवस्थामा नगरपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर गर्ने अधिकार प्रदान गरेसंगै नगरपालिकाले आफ्नो आर्थिक ऐनमा साना सवारी साधनको दर्ता तथा नवीकरण दस्तुर र वार्षिक सवारी करको दर निर्धारण गरेको छ ।तथापि हालसम्म कनकाई नगरपालिकाले साना सवारी कर मार्फत कुनै रकम संकलन गरेको छैन ।

**सम्भावना**

आगामी आ.ब.मा कनकाई नगरपालिकाले ५१२ भन्दा बढी साना सवारीबाट प्रति सवारी साधन बाट रु १५०० का दरले (दर्ता तथा नवीकरण सहित) लिएमा वार्षिक रु ७,६८,००० संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

विशेष किसिमका आर्थिक कार्यक्रम मार्फत ऋण वा सहुलियत दिएर भएपनि यस अटो रिक्शा व्यावसायलाई बढवा दिएर उद्धमशिलाता प्रबर्धन गर्न जरुरी रहेको छ ।साथसाथै, सवारी दर्ता दस्तुर तथा करको दर परिमार्जन गर्ने।

### छ) विज्ञापन कर

नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार'प्रसार आदिका लागि राख्न दिए वापत विज्ञापन कर लगाउन सक्नेछ। विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्ने कानुनि प्राबधान छ।कनकाई नगरपालिकाले चालु आ.व.को लागि विज्ञापन कर वापत देहाय अनुसार दर निर्धारण गरेको छ।

**तालिका १० : विज्ञापन कर विवरण**

| विवरण | दर रेट रु. |
|---|---|
| क) होर्डिङ बोर्ड | १०० |
| ख) ग्लो साइनबोर्ड | ८० |
| ग) भित्ते लेखन | ८० |
| घ) व्यानर प्रति दिन प्रति मिटर | ५ |
| ङ) गेट सात दिन सम्म दैनिक | १०० |
| च) गेट पन्द्र दिन सम्म दैनिक | ५० |
| छ) गेट १ महिना दिन सम्म दैनिक | ४० |

**हालको अवस्थाः**

विज्ञापन सेवालाई नगरपालिकाले करको दायरा ल्याएर विज्ञापन करका सन्दर्भमा नगरपालिकाले विज्ञापनका किसिम अनुसार करको दरहरू निर्धारण गरेको छ । ठेक्का विधिद्वारा कर संकलन भैरहेको छ । गत आ.व. २०७७/७८ मा यस शीर्षकबाट कुनै रकम नउठे पनि आ.व. २०७८/७९ को लागि रु. २००,००० संकलन गर्न सकिने अनुमान गरीएको छ ।

**सम्भावनाः**

सबै उध्योग तथा व्यवसाय सन्चाल गर्ने र नगरपालिकाको क्षेत्रम विज्ञापन सेवा लिने कर्ता पहिचान गर्ने करको दायरा फारकिलो बनाउने सम्भावना रहेको छ। नगरकालिकाको क्षेत्रले पूर्व पश्चिम राजमार्गको केही खण्डसमेत समेट्ने भएकोले विज्ञापन करको सम्भावना बढी रहेको छ । आगमी आ.व.मा अनुमानीत रु. ७००,००० लाखसम्म संकलन हुन सक्ने सम्भावना रहेको छ।

**सुधारका पक्षहरूः**

- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- नगरपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत संकलन गर्ने ।
- सबै विज्ञापनलाई करको दायरामा आउने विषय सुनिश्चित गर्ने साथै विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाउने ।
- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यबस्था गर्ने ।
- न्यूनतम कर संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

## ३.३.२ गैरकर राजस्व

### क) बहाल बिटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । उक्त ऐनको आधारमा नगरपालिकाको आर्थिक ऐनले अव्यवस्थित, भूमिहीन र सुकुम्बासी बसोवासलाई व्यवस्थापन गर्दै शुल्कजम्मा गर्न सक्ने देखिन्छ। फाकफोथुम गाउँपालिकाको हकमा सुरुङ्गा पशु बजार, घैलाडुब्बा, र दुर्गापुरजस्ता स्थानहरुमा हटिया र माघेसक्रान्तिमा कनकाई नदीको किनारमा वर्षको एक पटक लाग्ने माईमेलामा

हाटबजार विटौरी शुल्क आर्थिक ऐनवाट निर्धारण गरी ठेक्का विधिमार्फत बहाल बिटौरी असुल गरेको छ ।

**हालको अवस्था**

नगरपालिकामा तलको  तालिकामा दिएका शिर्षकमा शुल्क निर्धारण गरि संकलन गरिएको छ ।

**तालिका ११ बहाल बिटौरी शुल्क (हाटबजार) संकलन**

| क्र.सं. | स्थलको नाम | ठेक्का कायम भएको रकम |
|---|---|---|
| १ | सुरुङ्गा बजार (पशु बजार समेत) | ४,४११,००० |
| २ | घैलाडुब्बा पशु बजार | १,३०३,३३३ |
| ३ | माईमेला | ८८०,००० |
| ४ | दुर्गापुर बजार | २,०५,००० |
| | जम्मा | ६,७९९,३३३ |

श्रोतः राजस्व सुधार कार्ययोजना ,२०७५

**<u>सम्भावनाः</u>**

बहाल विटौरी शुल्क संकलनको अभ्यासमा नगरपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शीर्षकमा राम्रै शुल्क संकलन हुने देखिन्छ । पालिकामा विटौरी शुल्क पुनरावलोकन गर्न सकेमा आगामी आ.व.मा २५ प्रतिशतले बृद्धि हुने सक्ने अनुमान गर्न सकिन्छ । आगमी आ.व. मा पालिकाको क्षेत्रमा रहेको ऐलानी जग्गामा बसोबास गर्ने व्यक्ति वटा प्रति घर औसत रु. ५०० का दरले शुल्क लिदा पनि ६ लाख संकलन हुने देखिन्छ। घैलाडुब्बा बजार, बाह्रदशी गाउँपालिकामा भएको जग्गाको परिचालन बाट करिब ४ लाख आय संकलन हुने अनुमान गरिएको छ। घैलाडुब्बा बजार, सुरुङ्गा बजार, दुर्गापुर बजार र माईमेला बाट ६,७९९,३३३ को २५ प्रतिशत बढेर आउने रकम ऐलानी जग्गाबाट ६ लाख र घैलाडुब्बा बजार, बाह्रदशी गाउँपालिकामा भएको जग्गा बाट ४ लाख गरि जम्मा ८९ लाख ६० हजार बहाल विटौरी शुल्क संकलन हुने सम्भावना देखिन्छ ।

**<u>सुधारका पक्षहरूः</u>**

- सार्वजनिक,पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर,टहरा तथा अन्य संरचना सम्बन्धी विस्तृत तथ्यांक संकलन गरि बहाल विटौरी शुल्कको दायरामा ल्याउने ।
- नगरपालिकामा जमिनको उपयोग अनुसार शुल्कको दर निर्धारण गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गरि शुल्क निर्धारण गर्ने ।

- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।

## ख) फोहोर मैला व्यवस्थापन शुल्क

**हालको अवस्थाः**

कनकाई नगरपालिकाले सुरुङ्गा, दुर्गापुर, लक्ष्मीपुर, घैलाडुब्वा बजार क्षेत्रमा फोहरमैला व्यवस्थापन शुल्कको दर निर्धारण गरेको छ । यसका अतिरिक्त फोहर निस्कासन गर्ने ब्यवसायिक कारोवारमा संचय कर, स्थानीय विकास शुल्क र सरसफाई कर निर्धारण गरेको छ । तर नगरपालिकाले व्यवसायीहरूसंग व्यवसाय कर असुली संगै रु १०० रकम थप गरि वार्षिक फोहरमैला व्यवस्थापन शुल्क संकलन गरिएको छ । हालको कर संकलन सम्वन्धी कानूनी ब्यवस्था संग यसको मेल देखिन्दैन।

**सम्भावनाः**

नगरपालिकाले मुख्य बजारक्षेत्रहरू सुरुङ्गा, घैलाडुब्बा, लक्ष्मीपुर र दुर्गापुरबाट फोहरमैला व्यस्थापन कार्यक्रम संगै शुल्क संकलन कार्य प्रारम्भ गरेमा आगामी आ.व.२०७८/७९ मा यस बापत ५००,००० उठ्ने अनुमान गरे पनि करिब रु. ४ लाख सम्म शुल्क संकलन हुन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- फोहरमैला ब्यवस्थापन शुल्कको दर उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई आधार मानेर परिमार्जन गर्ने।
- मुख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधुरीहरूको लगत तयार गरि शुल्कको दायारा फराकिलो बनाउने।
- शुल्क संकलन गर्दा फोहोर मैला व्यवस्थापन शुल्क शीर्षक अन्तर्गत्संकलन गर्ने

## ग) सिफारिस तथा प्रमाणित दस्तुर

नगरपालिकाले घर जग्गा नामसारी सिफारिस, कृषिपशु समुहदर्ता नविकरण शुल्क, स्थायी बसोवास सिफारिस, नागरिकता सिफारिस, नागरिकता र प्रतिलिपि सिफारिस, अंगिकृत नागरिकता सिफारिस, आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित, आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित, विद्युत जडान सिफारिस, धारा जडान सिफारिस, जिवित रहेको सिफारिस, दुवै नाम गरेको व्यक्ति, एउटै हो भन्ने सिफारिस/फरक जन्ममिति संशोधन सिफारिस ,जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित,

व्यवसाय वन्द सिफारिस, व्यवसाय सञ्चालन नभएको सिफारिस, व्यापार व्यवसाय नभएको सिफारिस, कोट फी मिनाहा सिफारिस, नावालक परिचयपत्र सिफारिस, चौपाया सम्बन्धी सिफारिस नगरपालिकामा दर्ता वा नविकरण भएका व्यवसाय को सिफारिस, उद्योग ठाउँ सारी सिफारिस, विद्यालय ठाउँ सारी सिफारिस, आन्तिरिक बसाईँसराई सिफारिस, व्यक्तिगत विवरण सिफारिस, जग्गा दर्ता सिफारिस आदि जस्ता अन्य सिफारिस तथा प्रमाणित दस्तुर कार्यानयन गर्दै आइरहेको छ ।

**<u>हालको अवस्थाः</u>**

नगरपालिकाको आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर सिफारीसको प्रकृति हेरी न्यूनतम रु ५ देखि १५००० सम्म निर्धारण गरेको छ र यसवाट गत आर्थिक वर्षको २०७७/७८ मा रु. ५,२०८,४१७.५०/- असुली भएको र चालू आर्थिक वर्ष २०७८/७९ मा यस शीर्षकमा रु. ५,१००,०००/- संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**<u>सम्भावनाः</u>**

आगामी दिनमा नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूवाट वार्षिक करिव २५,००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु. ३०० भएमा यस बाट वार्षिक आय रु. ७,५००,०००/- आय संकलन हुने सम्भावना रहेको देखिन्छ ।

**<u>सुधारका पक्षहरू:</u>** सिफारिस तथा प्रमाणित दस्तुरका सन्दर्भमा निम्नअनुसार सुझावहरु प्रस्तुत गरिएको छः

- अनलाइन विधिमार्फत सिफारिस तथा प्रमाणित दस्तुरको संकलन गर्ने व्यवस्था गर्ने ।
- व्यक्तिगत घटना दर्ताका लागि अभियान संचालन गर्ने ।
- सिफारिस गर्दा शुल्क तिरे नतिरेको यकिन गरेर मात्र सिफारिस गर्ने ।
- वडाबाट संकलित दस्तुरहरु शिर्षक सहितको विवरण तयार पर्ने ।
- वडा कार्यालयको बिलिंग प्रणालीलाई पनि कम्प्युटर सफ्टवेयरमा आधारित बनाउने ।
- गाउँपालिका र वडाको कम्प्युटर प्रणालीमा नेटवर्किंग गर्ने ।

### घ) पर्यटन स्थल प्रवेश शुल्क

**<u>हालको अवस्थाः</u>**

कनकाई नगरपालिकामा पर्यटकिय दृष्टीकोणले महत्वपुर्ण स्थानहरू पनि रहेका छन् । जस मध्ये जामुनखाडी सिमसार क्षेत्र, हैप्पी ल्याण्ड (सेल्फी डाँडा), धनुषकोटी धाम, पिकनिक स्थलहरू यहाँका प्रमुख पर्यटकिय आकर्षणका क्षेत्रहरू हुन् । खासगरी महाशिवरात्रि, बालाचतुर्दशी, कृष्णजन्माष्टमी, माघे सङ्क्रान्ति, नयाँ वर्ष जस्ता विषेश दिन तथा पर्वहरूमा यस क्षेत्रमा दर्शनार्थी तथा पर्यटकहरूको घुइँचो हुने गर्दछ । नगरपालिकाले माथि उल्लेखित क्षेत्रहरूमा पर्यटन शुल्क (आफ्नै सहलगानीमा वनेको वाल उद्यानमा प्रवेश शुल्कको २५ र अन्यले गरेको लगानीमा ५ प्रतिशतका दरले) संकलन गर्ने भनी राजस्व परिचालन अन्तर्गत्को नीति तथा कार्यक्रममा उल्लेख गरेको छ ।

**<u>सम्भावनाः</u>**

नगरपालिकामा तत्काल पर्यटन शुल्क संकलनको सम्भावना भएका क्षेत्रहरू (जामुनखाडी सिमसार क्षेत्र, हैप्पी ल्याण्ड (सेल्फी डाँडा), धनुषकोटी धाम)को तथ्यांक संकलन गरि विश्लेषण गर्दा निम्न बमोजिम पर्यटन शुल्क संकलन हुन गर्न सकिने देखिन्छ ।

**तालिका १२ पर्यटन शूल्कको सम्भाव्यता विवरण**

| क्र. स. | पर्यटन स्थलको नाम | औषत पर्यटक आवागमन संख्या (अनुमानीत) | | प्रवेश शुल्क रु. | अनुमानीत वार्षिक आय रु. | न.पा.ले संकलन गर्ने शुल्कको दर (प्रतिशत) | न.पा.को आय सम्भावना रु. वार्षिक |
|---|---|---|---|---|---|---|---|
| | | देनिक | वार्षिक | | | | |
| १ | जामुनखाडी सिमसार क्षेत्र | ६०० | २१६,००० | ५० | १०,८००,००० | ५ | ५४०,००० |
| २ | जामुनखाडी सिमसार क्षेत्रको वाल उद्यान | १५० | ५४,००० | ५० | २,७००,००० | २५ | ६७५,००० |
| ३ | सेल्फी डाँडा | ८०० | २८८,००० | १०० | २८,८००,००० | ५ | १,४४०,००० |
| ४ | धनुषकोटी धाम | २० | ९६० | १०० | ९६,००० | ५ | ४,८०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (साप्ताहिक रुपमा लाग्ने) | | | | | | |
| | जम्मा | | | | | | २,६५९,८०० |

**सुधारका पक्षहरूः**

- आर्थिक ऐनमा पर्यटन शुल्कको संकलन सम्बन्धी व्यवस्था गर्दै शुल्कको दर निर्धारण गर्ने ।
- नगरपालिकाको पर्यटन शुल्कको दर टिकटमा समावेश गर्ने र टिकटको अभिलेख राख्ने ।
- पर्यटकिय सम्भावना भएका सबै सार्वजनिक स्थलहरू पहिचान गरि दिर्घकालिन आय हुने संरचना तयार गर्ने ।

**ङ) नक्सा पास दस्तुर**

**हालको अवस्था**

कन्काई नगरपालिकाको नक्सापास दस्तुरको दर आर्थिक ऐनमा निर्धारण गरेको छ । नगरपालिकाले प्राविधिक कर्मचारी खटाउदा लाग्ने रकम समेत निर्धारण गरेको छ । यस शीर्षकवाट आ. बं २०७७।७८ मा रु. ३,९११,२५५.८६ संकलन भएको छ । चालु आ. व. मा यो शीर्षक बाट रु. ३,०००,००० दस्तुर संकलन गर्ने लक्ष लिएको छ।

**सम्भावनाः**

कनकाई नगरपालिका धेरै क्षेत्रहरु शहरिकणतर्फ बढिरहेको देखिन्छ। हाल यस क्षेत्रमा प्रायः जसो न्युनतम १००० वर्ग फिट भन्दा बढीका घरहरू निर्माण भईरहेका छन्। आगामी आ.व.मा यस नगरपालिकाक्षेत्रमा करिब ३०० वटा नयाँ घर निर्माण हुने र पुराना १५० वटा नक्सा पासको दायरामा आउन सक्ने अनुमान गर्न सकिन्छ । यसबाट औसत रु. १२,००० का दरले जम्मा रु. १,८००,००० आम्दानी हुने सम्भावना देखिन्छ।

**सुधारका पक्षहरूः**

- नक्सापास प्रकृयालाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।
- बनिसकेका घरहरूको अभिलेखीकरणकोलागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।
- नक्सापासकोलागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन

- गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने ।

## च) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**<u>हालको अवस्था</u>**

स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । यो ब्यवस्था भर्खरै प्रचलनमा आएको स्थानीय सरकार सञ्चालन ऐनले गरेको हुनाले नगरपालिकाले यस्तो शीर्षकवाट आय संकलन गर्न आर्थिक ऐनमा ब्यवस्था गरिसकेको छैन ।

**<u>सम्भावना</u>**:

नगरपालिका क्षेत्रमा संचालित स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सक्ने अधिकार रहेको छ। हाल यस नगरपालिकामा करिव ४०० जति व्यावसायिक फर्म, फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक आदि सञ्चालनमा रहेको अनुमान गरिएको छ । त्यस्ता संस्थाहरूलाई दर्ता अनुमति र नवीकरण गर्दा औसत दस्तुर रु. १२,००० लिइएको खण्डमा प्रति वर्ष रु. ४८०,००० राजश्व संकलन हुने सम्भावना रहेको छ।

**<u>सुधारका पक्षहरू:</u>**

व्यबसाय रजिष्टेशन दस्तुरका सन्दर्भमा निम्नअनुसार सुझावहरु प्रस्तुत गरिएको छः

- दर्ता, अनुमती र नवीकरणका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता, अनुमति र नवीकरण दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ संस्था, फर्म वा उद्योग स्थापना गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका संस्था, फर्म वा उद्योगलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### छ) बिक्रीबाट प्राप्त रकम (स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

**हालको अवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम्माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ ।

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले कनकाईनदीबाट उत्खनन्गर्न नमिल्ने देखाएकाले विरिङ्ग खोलामात्र ठेक्कामा लागेको छ। नगरपालिकाले प्रदेश सरकारको आर्थिक ऐन अनुसार नगरपालिकाकाले दहत्तर वहत्तर शुल्कको रुपमा विरिङ्ग खोलावाट उत्पादिन ढुङ्गा, गिट्टी तथा बालुवावाट रकम संकलन गरी सो को ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउँदै आएको छ । आ.व. २०७७/७८ मा यस(दहतर बहतर) शीर्षकमा रु.१,४८३,५६९,२०० रकम उठेको छ भने आगामी आ. व. २०७८/७९ का लागि (नदि जन्य पदार्थ बिक्रि बाट) रु. २०,०००,००० रकम उठाउने अनुमान गरिएको छ।

**संभावनाः**

कनकाई नगरपालिकाको विरिङ्ग खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनलाई आधार मान्दा वडा नं. १,७,८ र ९ का पाँचवटा स्थलहरूबाट ढुङ्गा, गिट्टी तथा वालुवा जम्मा ८० ००,००० घन मिटर परिमाण उत्खनन् गरि बिक्री गर्न सकिने देखिन्छ। नगरपालिकाले बिक्री दर निर्धारण गरेको नभएपनि प्रदेश सरकारको आर्थिक ऐन अनुसार प्रति घन फिट दहत्तर वहत्तर शुल्क मुल्य रु. ३ (१ घन मिटर) का दरले संकलन गर्दा रु. २४,०००,००० हुने देखिन्छ । तर बोल कबोल मार्फत् ठेक्का निर्धारण गर्दा रु. १ करोड २२ लाखमा शुल्क संकलन ठेक्का लागेको छ ।

नगरक्षेत्रमा रहेका चारवटा सामुदायिक वनहरू (प्रजापति, जामुनबारी र सुकेडाँगी र कनकाई) हरू बाट वार्षिक करिब २२,००० घन फिट काठ बिक्री हुने गरेको देखिन्छ । उक्त काठको बिक्री दर औसत रु १५०० प्रति घन फिट रहेको छ । जसका कारण ती सामुदायिक बनबाट वार्षिक रु. ३३,०००,००० बराबरको काठ बिक्री हुने र सो बापत नगरपालिकाले करिब ३३ लाख रुपैया आम्दानी गर्न सक्ने सम्भाबना रहेको छ।

**सुधारका पक्षहरूः**

- ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रकृया अगाडी बढाउनु पुर्व नगरसभाबाट बिक्रीको दर निर्धारण गरी

- आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।
- प्रदेश सरकारको आर्थिक ऐन अनुसारको दहत्तर बहत्तर शुल्कको परिभाषा एकीन गरी दहत्तर बहत्तर शुल्कको दायराभित्र वहेर आउने तैरिने वस्तु (काठ) लाई मात्र समावेश गर्न पहल गर्ने।
- IEE प्रतिवेदनले एकीन गरेको परिमाणमा लाई एकिन गर्नु पर्ने देखिन्छ।
- नगरपालिकाले सोका लागि प्रभावकारी अनुगमन तथा मूल्यांकन समिति गठन गरी आवधिक अनुगमन गरी नियम कानुनको दायरामा ल्याउनु पर्ने देखिन्छ ।
- नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र दण्ड जरिवाना गर्न सकिने प्रावधान राख्नु पर्दछ।

## ज) स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क (सडक सुधार शुल्क)

**हालको अवस्थाः**

कनकाई नगरपालिकाले सडक संग सम्बन्धित रहेर प्रत्यक्ष रुपमा ३ वटा सडक (लक्ष्मिमार्ग, हिमाली मार्ग र अमरपथ) बाट सडक सवारी कर सुधार शुल्क संकलन गरिरहेको छ । सडक सवारी कर तथा सडक सुधार शुल्कका सन्दर्भमा नगरपालिकाले आर्थिक ऐन प्रावधान सहित संकलन दर निर्धारण गरेको छ । नगरपालिकाले कुनैपनि नामवाट पटके सवारी कर लिन सक्ने कानुनी अधिकार नरहे ता पनि विरिङ्ग खोलावाट नदीजन्य पदार्थ ढुवानी गर्ने सडक निर्माण तथा मर्मत संचालन प्रयोजनकोलागि स्थानीय पुर्वाधार उपयोग सेवा शुल्क संकलन गर्न प्रयास गर्नुपर्ने देखिन्छ ।

**सम्भावनाः**

विरिङ्ग खोलाको वडा नं. १,७,८ र ९ का पाँचवटा स्थलहरूबाट नदिजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट सडक सुधार शुल्क संकलन भइरहेको छ । उक्त पाँच स्थलका सडक भएर नौ महिनासम्म दैनिक करिब २५० वटा ट्रयाक्टर तथा ट्रिपरहरू नदिजन्य पदार्थ ढुवानीका लागी आवतजावत गर्ने गर्दछन् ।महिनाको २५ दिनलाई कर्य दिन मान्दा प्रति ट्रीपबाट औसत रु. २०० का दरले सडक सुधार शुल्क संकलन गर्दा वार्षिक रुपमा जम्मा रु. १,१२५०,०००/- आय गर्ने सकिने देखिन्छ ।

**<u>सुधारका पक्षहरू:</u>**

- विरिङ्ग खोलाका विभिन्न स्थानहरूबाट मात्र नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनहरूलाई सडक सुधार शुल्कको दर निर्धारण गर्ने ।
- नगरपालिकामा टेम्पो, ई रिक्सा, अटो रिक्सा वाहेक अन्य सवारीको सवारी करको ब्यवस्था आर्थिक ऐनवाट हटाउने ।
- नदीजन्य पदार्थको बिक्री ठेक्का संगै स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क (सडक सुधार शुल्क) पनि ठेक्का लगाउँनु पर्ने।
- नगरपालिकाले यो शुल्क संकलन गर्नु अगावै उक्त क्षेत्रका सडकहरू मर्मत सुधार गरि सवारी आवतजातमा सहजता कायम गर्नु पर्ने।

### झ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**<u>हालको अवस्था:</u>**

कनकाई नगरपालिकाको स्वामित्वमा सुरुङ्गा बजारको मुख्य केन्द्रमा र घैलाडुब्बामा भवनहरू रहेका छन्। हाल सुरुङ्गा बजार क्षेत्रमा भएका तीन किसिमका संरचनाहरू (दुई तल्ले भवन-१, एक तल्ले भवन- १ र कच्ची टहरा- ५ वटा) भाडामा लगाई नगरपालिकाले मासिक रुपमा बहाल रकम संकलन गरिरहेको छ । घैलाडुब्बा बजारमा १० कोठे १ तल्ले भवन भएता पनि हालसम्म त्यसको परिचालन गरी आयआर्जन हुन सकेको छैन । नगरपालिकाले “घरजग्गा, कोठा, टहरा बहालमा लगाउने सम्बन्धी कार्यविधि २०७५” तर्जुमा गरी यस कार्यलाई व्यवस्थित बनाउदै गईरहेको छ । कनकाई नगरपालिकाको स्वामित्वमा रहेको जे.सि.बी र स्काभेटर पनि बहालमा दिने गरेको र सो बापत रकम संकलन गरिरहेको छ । प्रभावकारी परिचालनका लागि “व्याकहो लोडर सञ्चालन कार्यविधि, २०७४” तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ ।

**<u>सम्भावना:</u>**

सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय:

**तालिका १३ : सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय**

| क्र.सं. | स्वामित्वमा रहेको सम्पत्ति | ईकाई | संख्या | मासिक भदा दर रु. | सम्भावित आय वार्षिक रु. |
|---|---|---|---|---|---|
| १ | सुरुंगा बजारमा भएका पक्कि भवनहरू<br>१. २० कोठे तल्लो भवन<br>२. २० कोठे माथिल्लो भवन<br>३. १४ काठे पक्कि भवन | कोठा | ४ | ३५०० | १६८,००० |
| | | | ८ | ३००० | २८८,००० |
| | | | १६ | २६०० | ४९९,२०० |
| | | | ६ | २४०० | १७२,८०० |
| | | | ६ | २३०० | १६५,६०० |
| | | | ४ | १८०० | ८६,४०० |
| | | | १० | १००० | १२०,००० |
| २ | सुरुङ्गा बजारमा भएका कच्चि भवनहरू<br>१. ७२ कोठे टहरा<br>२. २० कोठे टहरा<br>कोठा | कोठा | १६ | १००० | १९२,००० |
| | | | १६ | ९०० | १७२,८०० |
| | | | ४० | ८०० | ३८४,००० |
| | | | ४ | ६०० | २८,८०० |
| ३ | सुरुङ्ग बजारमा भएको कृषि टहरा<br>कोठा | कोठा | १० | ७०० | ८४,००० |
| | | | ८ | ६०० | ५७,६०० |
| | | | १४ | ५०० | ८४,००० |
| ४ | घैलाडुब्बा बजारमा भएको १० कोठे १ तल्ले भवन<br>भवन | भवन | १ | एकमुस्ट | १,२०,००० |
| ५ | जेसीबि तथा स्काभेटर (प्रति घण्टा औसत भाडा दर उपभोक्ता समितिका लागि रु. १५०० र अन्यका लागि रु. १७००) | ठुला औजार | २ | एकमुस्ट | ८५०,००० |
| | जम्मा | | | | ३४,७३,५०० |

# परिच्छेद - ४

## आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

### ४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना

स्थानीय सरकार संचालन ऐन, २०७४ ले राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामार्श प्रदान गर्न स्थानीय स्तरमा एक राजस्व परामर्श समितिको परिकल्पना गरेको छ । कनकाई नगरपालिकाको राजस्व परामर्श समितिको संस्थागत संरचना देहाए बमोजिम रहेको छ ।

**तालिका १४ : कनकाई नगरपालिकाको राजस्व परामर्श समिति**

| क्र. सं | नाम | जिम्मेवारी |
|---|---|---|
| १ | आशा शिवाकोटी | संयोजक |
| २ | प्रेम प्रसाद राजवंशी | सदस्य |
| ३ | सुनिता खरेल सिग्देल | सदस्य |
| ४ | मोहन प्रसाद न्यौपाने | सदस्य |
| ५ | त्रिलोचन चिमरिया | सदस्य |
| ६ | देवी प्रसाद उप्रेती | सदस्य |
| ७ | भोजराज आचार्य | सदस्य सचिव |

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू नगर सभा समक्ष पेस गरेको थियो । पुनर्संरचित नगरपालिको संवैधानिक ब्यवस्थाको आधारमा नगरपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ ।

राजस्व परामर्श समितिको बैठक वसी आन्तरिक आयको दररेट प्रस्ताव गरि नगरसभाले सो दररेट स्वीकृत गरेका छ । आयका शिर्षगत् दायरा तथा उक्त दायराका दररेटहरू राखी नगरसभा मार्फत् आर्थिक ऐन पारित गरिएको हो । नगर सभाद्वारा आ.व.२०७८।७९ को लागि आन्तरिक आय तर्फ शीर्षकगत वर्गीकरण सहित जम्मा रु. **५७,०८१,६६६** संकलन भएको छ ।

**आ.व. २०७९/८० का लागि स्वीकृत राजस्व सम्बन्धी नीति तथा कार्ययोजनाहरूः**

- नगरपालिकालाई समृद्द बनाउन कर तथा राजस्वको दर भन्दा दायरालाई फराकिलो बनाउने नीति लिइएको छ । नगर क्षेत्र भित्र सङ्कलन गरिने नदी जन्य पदार्थ ढुवानी गर्ने सवारी

साधनलाई नदी जन्य पदार्थ सङ्कलन क्षेत्रमा नै तोकिए बमोजिम पूर्वाधार विकास शुल्क लगाउने व्यवस्था मिलाइने छ ।

- नगर क्षेत्र भित्र दर्ता भई सञ्चालनमा रहेका सवारी साधनहरूले वार्षिक सड़क सुधार सवारी कर तिर्नुपर्ने व्यवस्था मिलाइने छ ।
- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्य योजना बनाई नगरपालिकामा पेश गर्नुपर्ने छ । वन पैदावार बिक्रीबाट प्राप्त रकम सङ्घीय ऐन अनुसार हुने गरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ ( ख ) बमोजिम दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।
- पर्यटकीय क्षेत्र ,पिकनिक क्षेत्र ,सामुदायिक वनका पर्यटकीय क्षेत्रमा लिइने प्रवेश शुल्कमा पर्यटन वन वातावरण प्रवर्धन तथा संरक्षण शुल्क बापत पाँच प्रतिशत कर लगाइने छ । उक्त रकम सम्बन्धित निकायले चौमासिक रूपमा नगरपालिकामा बुझाउने व्यवस्था मिलाइएको छ ।
- सम्पत्ति कर र मालपोत तथा भूमि कर पुस मसान्त सम्म एकमुस्ट बुझाएमा दश प्रतिशत छुट दिने व्यवस्था मिलाइएको छ । आ.व. २०७७/०७८ मा बुझाउनु पर्ने मालपोत तथा भूमिकर आगामी पौष मसान्त सम्ममा बुझाउन सकिने व्यवस्था मिलाइएको छ ।
- नगरको विभिन्न क्षेत्रका डाटाहरू जस्तै घरभाडा ,व्यवसाय उद्योग ,विभिन्न सञ्जालहरूको आवश्यक डेटाबेस तयार गरिनेछ ।
- नगरपालिकालाई बुझाउनु पर्ने कोठा ,सटर तथा घर भाडा र बहाल कर एकमुस्ट बुझाएमा पाँच प्रतिशत छुट दिइने व्यवस्था मिलाइएको छ । यस नगरपालिकाबाट निर्माण भएका भवनको लकडाउनका कारण पूर्ण रूपमा व्यवसाय सञ्चालन हुन नसकेकाले १ महिनाको सटर भाडा छुटको व्यवस्था मिलाइएको छ ।
- नगरपालिकाबाट वार्षिक लाग्ने आय टेकामा तोकिएको रकम एकमुस्ट बुझाएमा दश प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिईएको छ ।

### ४.२ आय संकलनको संस्थागत व्यवस्था

कनकाई नगरपालिकाको विगत ३ बर्षको आय परिचालनको अवस्था तलको तालिकामा दिईएको छ। नगरपालिकाले करको दायरा तथा दरमा वृद्धि गरि यो लक्ष हासिल गरेको देखिन्छ। त्यसैगरि राजस्व बाँडफाँडबाट प्राप्त आम्दानी ऋणात्मक देखिन्छ भने वाह्य स्रोत बाट प्राप्त आम्दानी भने बढेको देखिन्छ।

## ४.३. विगतको आय परिचालनको अवस्था

**तालिका १५ : कनकाई नगरपालिकाको राजस्व संकलनको अवस्था**

| क्र. स. | राजश्व शिर्षक | यथार्थ ( आय तीन वर्षको ) | | | प्रस्तावित आय चालु आ.व.को |
|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ (जेष्ठ मसान्त सम्म) | २०७९/८० |
| **क** | **आन्तरिक आय** | **११७,७३३,२७६.९८** | **१६२,५९०,१३४.३१** | **५७,०८१,६६६** | **८१,५३०,००० ०** |
| **१** | **स्थानीय कर** | | | | |
| १.१ | मालपोत तथा भूमिकर | १८,००,०६१ | ४,४९९,३९२ | १०,७३०,१७० | १५,०००,००० ० |
| १.२ | घर वहाल कर | २,८४६,७७४ | २,६७४,२०२.७४ | १,७३१,९२१ | ५,०००,००० |
| १.३ | वहाल विटौरी कर (हाट बजार) | ९,८५०,८९२ | ५,९६२,८२४ | ७, ५९०,६३० | ८,०००,००० |
| १.४ | व्यवसाय कर | २,२११,१२८ | ३,२१२,९४८.९३ | २,४६५,१४५ | ४,०००,००० |
| १.५ | सवारी साधन कर (साना) | ० | १,८०० | | |
| १.६ | सम्पति कर | | | - | |
| १.७ | मनोरंजन कर | ० | ० | ० | २,५००,००० |
| १.८ | पटके सवारी कर | ० | ० | | |
| १.९ | विज्ञापन कर | ० | ० | ३९५,००० | ५००,००० |
| १.१० | एकिकृत सम्पति कर | ६४,४१,६७२ | ८,२९९,८१२ | | |
| १.११ | पुर्वाधार सेवाको | १३,१३४,१६६ | ५,६२७,७६७ | ४,५३५,७५३ | ५,०००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | उपयोगमा लाग्ने कर | | | | |
| १.१२ | आन्य कर | ५,९६३,०८४ | | - | |
| १.१३ | सवारी दर्ता कर | ० | ० | ० | १००,००० |
| **२** | **सेवा शुल्क** | | | | |
| २.१ | सवारी पार्किंग शुल्क | ० | ० | ० | ५००,००० |
| २.२ | सार्वजनिक सुविधा उपयोग सेवा शुल्क | | | | |
| २.३ | फोहोर मैला संकलन शुल्क | ० | ० | ० | ३,०००,००० |
| २.४ | अन्य सेवा शुल्क तथा बोलपत्र विक्री (लोडर र स्काभेटर समेत) | - | - | ० | ५,५००,००० |
| **३** | **दस्तुर** | | | | |
| ३.१ | दर्ता तथा नवीकरण दस्तुर | - | - | – | – |
| ३.२ | नक्सा पास दस्तुर | ३,५७०,७१८ | ३,९११,२५५.८६ | २,५९६,९२३ | ४००,००० |
| ३.३ | सिफारिस तथा बक्साउने दस्तुर | ३,७५७,९०४ | ५,१४४,०७७.५० | ५,७३७,१६७ | ७,०००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.४ | नाता प्रमाणित दस्तुर | १२१,८४५ | ६८,३४० | २५८,४०० | ४००,००० |
| ३.५ | न्यायिक दस्तुर | ६,५१५ | २८,४०० | १६,५९५ | ३०,००० |
| ३.६ | अन्य दस्तुर | ७,८८४,१०९.९८ | २२,१७७,६९२.२८ | ४३१,५०० | ५००,००० |
| **४.** | **अन्य आय** | | | | |
| ४.१ | दण्ड जरिवाना | | | | |
| ४.२ | भाडा तथा वहाल बाट आय | | | | |
| ४.३ | दहतर बहतर बिक्री | ० | ० | | |
| ४.४ | अन्य बिक्री वन पैदावार समेत | ० | ० | २९६,४३० | |
| ४.५ | अन्य बिक्री (टेण्डर फारम समेत) | २,७९७,८८० | ९५०,६५२ | | ४,०००,००० |
| ४.६ | नदिजन्य पदार्थको बिक्रीबाट प्राप्त हुने आय | ० | ० | २०,०००,००० | १५,०००,००० |
| ४.७ | अन्य विविध आय | ० | ० | | |
| **ख** | **राजस्व बाडफाट** | | | | |
| ५.१ | मालपोत रजिस्ट्रेशन वापत | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.२ | केन्द्र सरकार तथा जी.स.स बाट प्राप्त | | | | |
| ५.३ | केन्द्र सरकार बाट प्राप्त राजस्व बाडफाड | ० | ० | ७५,४४२,४५६ | १००,३५९,००० |
| ५.४ | घर जग्गा रजिस्ट्रेशन दस्तुर | १४,६३२,७४३ | २८,४९९,७१५.६० | २२,७३२,७७२ | २०,०००,००० |
| ५.५ | बाडफाड भइ प्राप्त हुने मूल्य अभिबृधि कर | ५३,८०६,८०८.६५ | ७१८,६९०.०५ | | |
| ५.६ | बाडफाडबाट प्राप्त हुने सवारी साधन कर | ६,३४९,७४३ | ९,२८३,००५.४० | ६,४७८,६६६ | ९,८५५,४२० |
| ५.७ | बाडफाडबाट प्राप्त हुने वन रोयल्टी | ० | २४४,११७.५९ | | |
| ५.८ | बाडफाड भइ प्राप्त हुने दहतर बहतर विक्रीबाट प्राप्त हुने आय | ० | १,४८३,५६९,२०० | | |
| **ग** | **बाह्य श्रोत** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.१ | नेपाल सरकार बाट प्राप्त समपुरक अनुदान (पुजीगत) | - | - | ७,२००,००० | ८,०००,००० |
| ६.२ | नेपाल सरकार वितिय समानीकरण अनुदान | १३२,९००,००० | १,३२३,००,००० | १४२,७००,००० | १५०,९००,००० |
| ६.३ | ससर्त अनुदान (चालु संघ) | १९५,९०२,६८२ | ३१०,१७९,६७२ | १९७,८८२,९९७ | १८०,४००,००० |
| ६.४ | प्रदेश सरकार वितिय समानीकरण अनुदान | ७,३९९,००० | १७,४२२,००० | ८,२९९,००० | ८,२९९,००० |
| ६.५ | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ० | ० | १०,०००,००० | १०,०००,००० |
| ६.६ | नेपाल सरकार अन्य अनुदान चालु | ७,४६०,९०७ | ३,६९०,००० | | |
| ६.७ | प्रदेश सारकार बाट प्राप्त ससर्त अनुदान | ३९,७३१,००० | ० | ७,८००,००० | १,६१८,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.८ | अन्य निकाय बाट प्राप्त अनुदान | - | - | ३०६,०३३ | १,५००,००० |
| ६.९ | सामाजिक सुरक्षा भत्ता | | | | |
| ६.१० | स्थानीय विकास शुल्क | | | | |
| ६.११ | प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम | | | | |
| ६.१२ | समपुरक अनुदान चालु (सङ्घीय सरकार) | ११,५००,००० | ० | ११,५००,००० | |
| ६.१३ | प्रदेश सरकार अन्य अनुदान चालु | ० | १०,१००,००० | | |
| ६.१४ | विशेष अनुदान (संघ) | ० | ० | ० | ० |
| ६.१५ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | १,६३१,२३५ | १००,७००,००० | |
| ६.१६ | नेदरल्याण्ड लेप्रोसी रिलिफ नेपाल | ० | ० | ४००,००० | ७००,००० |
| ६.१७ | सडक बोर्ड नेपाल | ० | ० | ० | ५,०००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.१८ | संघ, प्रदेश, दात्री निकाय समेत बाट प्राप्त अनुदान र ऋण समेत | ० | ० | ० | ११०,०००,०००० |
| ६.१९ | बैंक मौजत र स्थानिय संचिति कोषमा रहने रकम | ५१,०००,००० | १००,०३०,९७० | ११५,५००,००० | ३०,०००,००० |
| ६.२० | ससर्त अनुदान (पुजीगत संघ) | - | - | ३८,९४९,९९८ | २१,९००,००० |
| | **कुल जम्मा** | **५८१,४१६,१६०.६३** | **७५२,५४५,३६१.९५** | **६९०,४६७,५५५** | **७३८,५६१,४२०** |

कनकाई नगरपालिकाको आन्तरिक आयको संरचना हेर्दा प्रमुख तीन श्रोतहरूमा क्रमशः सम्पत्ति कर,सिफारिश, विटौरी कर (हाट बजार कर) र नदिजन्य पदार्थको विक्री क साथै जग्गा रजिस्ट्रेशन दास्तुर रहेको देखिन्छ ।

**तालिका १६ : कनकाई नगरपालिकाको कूल आय संरचना**

| आय स्रोत | २०७६/०७७ | प्रतिशत | २०७७ /०७८ | प्रतिशत | २०७८ /०७९ | प्रतिशत |
|---|---|---|---|---|---|---|
| आन्तरीक आय (रु.) | ११७,७३३,२७६.९८ | २०.२५ | १६२,५९०,१३४.३१ | २१.६१ | ५,७०८१,६६६ | **८.२७** |
| राजश्व बाँडफाँड (रु.) | ७४,७८९,२९४.६५ | १२.८८ | १२४,७३२,३२०.६४ | १६.५८ | १०४,६५३,८९४ | **१५.१५** |
| बाह्यस्रोत (रु.) | ३८८,८९३,५८९ | ६६,८७ | ४६३,५९१,६७२ | ६१.६० | ५२८,७३१,९९५ | **७६.५८** |
| जनसहभागीता | - | - | १,६३१,२३५ | ०.२१ | - | - |
| **जम्मा** | **५८१४१६१६०.६३** | १०० | **७५२५४५३६१.९५** | १०० | **६९०,४६७,५५५** | १०० |

कनकाई नगरपालिकाको तिनै आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ मा सबै भन्दा बढी बाह्य श्रोतले ओगटेको छ आन्तरिक आयको संरचना र राजस्व बाडफाड बाट कम मात्र अर्थतंत्र जुटेको देखिन्छ ।

## ४.४. राजस्व परिचालनमा रहेका सवालहरू

नगरपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ ब्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ। नगरपालिकाको आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई संवोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ।

### क. आन्तरिक आय परिचालन सम्बन्धी नीतिगत र कानूनी व्यबस्था

नगरपालिकामा हालसम्म आबस्यकता भन्दा न्यून जनशक्तिका कारणले राजस्व प्रशासन प्रभावकारी हुन सकेको थिएन ।हाल सबै वडामा सचिव तथा नगरपालिकामा पनि कर्मचारीहरूको व्यवस्थापन भएकाले राजस्व प्रशासनलाई प्रभावकारी बनाउने कार्यको थालनी भएको छ । यसको लागि जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोतको लगत अद्यावधिकरण, करदाताहरूको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरूको पहिचान आदि कार्यहरू भइ रहेका छन्। यसैगरी यहाँ राजस्वको महत्वपूर्ण स्रोत कृषि, घरेलु उधोग, वन, हाट-बजार लगायतका क्षेत्रलाई प्रथामिकत दिइएको हुनाने त्यस क्षेत्रको क्षमता विकास, विस्तार र प्रवर्द्धन गर्नुपर्ने योजना रहेकोछ ।

वडाबाट प्रभावकारी सेवा प्रवाह र राजस्व संकलन कार्य संचालन गर्नुका साथै वडा कार्यालय भन्दा टाढाका वस्तीहरूमा नियमित रूपमा घुम्ति शिविर सञ्चालन गर्नुपर्ने हुन्छ । नगरपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरूलाई आयका शीर्षक, प्रविधिको प्रयोगमार्फत राजस्वका विविध पक्षहरूको अभिलेखीकरण लगायतका विषयमा अभिमुखीकरण आवश्यक हुन्छ। राजस्व परामर्श समितिको भूमिकालाई अझ सशक्तीकरण गरी राजस्व अनुगमन तथा लक्ष्य प्रासिका लागि जिम्मेवारी निर्धारण, आवश्यक निर्देशन एवं निर्णय गर्न जरुरी देखिन्छ ।

### ख. संगठन संरचना र जनशक्ति व्यवस्थापन

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको श्रोत र आधारहरू बृद्धी गर्न नगरपालिकाको राजस्व प्रशासनको बर्तमान संगठनको विस्तार गर्नु पहिलो कार्यको रुपमा देखिन्छ। नगरपालिकाको नयाँ क्षेत्र तथा परिवर्तित राजस्व अधिकारको आधारमा नगरपालिकाले भौतिक सुविधा, उपयुक्त मानव संसाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ। त्यसका अतिरिक्त वडाहरूवाट समेत तोकिएका शीर्षकहरूमा आय संकलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ।

### ग. सूचना तथा तथ्यांक प्रणाली र सूचना प्रविधि

नगरपालिकामा सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति छ भन्ने वास्तविक तथ्यांक छैन । एकातिर बिलिङ पद्धतिलाई पूर्णरुपमा कम्प्युटरमा आधारित बनाउनुपर्ने देखिन्छ भने अर्कोतिर सबै करदाताको लगत संकलन गर्नुपर्ने

आवश्यकता रहेको छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता छन् भन्ने यकीनका साथ तुरुन्त भन्न सकिने स्थिति रहन्छ र करदाताको लगत संकलन पश्चात करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

### घ. समन्वय संयन्त्रको प्रभावकारिता

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ । त्यसैगरी रोयल्टी लगायतका राजस्व बाँडफाँड सम्बन्धमा नेपाल सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रष्ट्रिशन दस्तुरको बाँडफाटका लागि प्रदेश सरकारसँग र विगत बर्षहरुको राजस्व बाँडफाँटका लागि जिल्ला समन्वय समितिसँग पर्याप्त समन्वय कायम नहुँदा ती निकायबाट नगरपालिकामा प्राप्त हुने स्रोत नियमित रुपमा प्राप्त हुन सकेको देखिदैन ।

### ङ. आन्तरिक नियन्त्रण र जवाफदेहिता

आय संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन्।

# परिच्छेद - ५

## राजश्व सुधार कार्ययोजना

### ५.१ राजस्व सुधार कार्ययोजना

राजश्व सुधार कार्ययोजनाको मुख्य उद्देश्य स्थानीय तहको राजश्व परिचालनमा सुधार ल्याउनको लागि योजनाबद्ध रुपमा कार्य संचालन गर्नु हो । स्थानीय तहको राजश्व प्रक्षेपण गरी सोको आधारमा वजेट तयार गर्ने तथा राजश्व परामर्श समितिको सिफारिशमा राजश्वका दररेट निर्धारण गर्ने कार्यमा राजश्व सुधार कार्ययोजनाले सहयोग गर्दछ ।

नगरपालिकाको राजस्व परिचालनमा के कस्ता समस्या छन् र सुधारका लागि के कस्ता कृयाकलाहरु सञ्चालन गर्न आवश्यक छ भन्ने विषयमा निर्वाचित जनप्रतिनिधि र सो कार्यमा संलग्न जनशक्ति नै सबैभन्दा बढी जानकार हुन सक्दछन् । त्यसबाहेक यसका सरोकारवालाहरुको भोगाई पनि आफैमा महत्वपूर्ण मानिन्छ । यस कार्यका लागि बाह्य परामर्शदाताको भूमीका उनीहरुलाई समस्या पहिचान गरी समाधानका सही उपाय पहिल्याउने कुरामा सहजीकरण गर्ने सम्मको हुन्छ । तसर्थ यो कार्ययोजना तर्जुमा गर्दा पनि यसै अवधारणा अनुरुप सहभागितामूलक कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालाका सहभागीहरूलाई चार वटा समूहमा विभाजन गरी गरिएको समूह कार्य र त्यस उपर प्लेनरीमा भएको छलफलका आधारमा तय भएका विषयबस्तुलाई परामर्शदाताद्वाट संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी राजस्व सुधार कार्ययोजनातयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छः

क. कर राजस्व सुधार योजना

ख. गैरकर राजस्व सुधार योजना

ग. राजस्व प्रशासन सुधार योजना

## क. कर राजस्व सुधार योजना

### तालिका १७ : कर राजस्व सूधार कार्ययोजना

| क्र. सं | करराजस्वको शिर्षक | सुधारकालागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | भूमीकर (मालपोत) | • मालपोत कार्यालयबाट जग्गाको अभिलेख प्राप्त गर्ने,<br>• वडागत रुपमा सम्पूर्ण जग्गाको अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने<br>• जग्गाको पुनवर्गीकरण गरी मूल्यांकनलाई वैज्ञानिक बनाउने,<br>• नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी, प्रति जग्गाहरुको अभिलेख राख्ने । | आ.व. २०७९/०८० देखि निरंतर गर्ने । | राजस्व शाखा, योजना तथा भौतिक पूर्वाधार शाखा । |
| २ | सम्पत्तिकर | • नगरपालिकामा सम्भाव्य सम्पत्ति करदाता सबैको विवरण संकलन गरी अद्यावधिक गर्ने,<br>• सम्पत्ति कर सम्बन्धी फाराम अनलाइन प्रविधिबाट भर्ने व्यवस्था गर्ने,<br>• सम्पत्ति कर सम्बन्धी जनचेतना शिविर सञ्चालन गर्ने,<br>• असल करदातालाई प्रोत्साहन तथा सम्मान गर्ने । | आ.व. २०७९/०८० देखि निरंतर गर्ने । | सूचना प्राबिधिक शाखा/ राजस्व शाखा । |
| ३ | सवारी कर | • नगरपालिकामा सवारी साधन दर्ता तथा नविकरण कार्यविधि बनाउने,<br>• सवारी साधनको भाडा निर्धारण गर्ने,<br>• समय सपेक्ष करको अध्यावधिक गर्ने,<br>• नगरपालिकामा रहेका साना सवारी साधनको संख्या अध्यावधिक गर्ने । | आ.व. २०७९/०८० देखि निरंतर गर्ने । | कार्यपालिका। |
| ४ | घरजग्गा बहाल कर | • घर बहाल कारलाई प्रगतिशील प्रणालीमा निर्धारण गर्ने,<br>• घर नम्बर लागु गरि संख्या अध्यावधिक गर्ने,<br>• घरको अनुगमन गरि बहालमा लगाउन योग्य बनाउने। | आ.व. २०७९/०८० देखि निरंतर गर्ने । | सूचना प्रविधि शाखा, आर्थिक प्रशासन शाखा र वडा कार्यालयहरु । |
| ५ | व्यवसाय कर | • पालिकामा नयाँ दर्ता तथा नवीकरणका लागि शिविर सञ्चालन गर्ने, | आ.व. २०७८/०८९ | आर्थिक विकास शाखा र सूचना प्रविधि शाखा |

| | | | | |
|---|---|---|---|---|
| | | • सम्भाव्य व्यवसाय करदाता सबैको विवरण संकलन गरी नियमित अद्यावधिक गर्ने,<br>• अनलाइन प्रविधिबाट व्यवसाय दर्ता अभिलेख राख्ने प्राबधान राख्ने,<br>• सबै व्यवसाय लाई करको दायरामा लेराउने । | देखि निरंतर गर्ने । | |
| ६ | कास्ठ जन्य, कवाडी र जीवजन्तु कर | • ठेक्का प्रणाली लागु गर्ने,<br>• नगर पालिकामा रहेका यस्ता वस्तु संकलकको पहिचान गर्ने,<br>• संकलन केन्द्रको स्थापना गरि सबै संकलन कर्तालाई करको दायरामा ल्याउने,<br>• कास्ठजन्य उत्पादनमा पहल गर्ने । | आ.व. २०७९/०८० देखि निरंतर चालु गर्ने । | आर्थिक प्रशासन शाखा |
| ७ | विज्ञापन कर | • विज्ञापन कर कार्यविधि निर्माण गर्ने,<br>• सम्भाव्यता अध्ययन गर्ने,<br>• अनुगमन प्रभावकारी बनाउने,<br>• सबै पसल तथा व्यवसायी हरुको पहिचान गर्ने,<br>करको दर वैज्ञानिक बनाउने । | आ.व. २०७९/०८० देखि निरंतर गर्ने । | नगर कार्यपालिका र राजस्व परामर्श समिति |

## ख. गैरकर राजस्व सुधार योजना

गैरकर राजस्वको क्षेत्रमा आवश्यक सुधारका लागि निम्नानुसारका कृयाकलापहरु प्रस्ताव गरिएको छः

**तालिका १८ : गैरकर राजस्व सूधार कार्ययोजना**

| क्र.सं | गैरकर राजस्वका शिर्षक | सुधारकालागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, बालुवा, जराजुरी, आदि प्राकृतिक वस्तुको बिक्री | • सम्भाव्य क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने,<br>• प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने,<br>• बिक्रीको दर निर्धारण गर्ने, | २०७९ जेष्ठ मसान्त सम्म । | वातवरण एवम राजस्व शाखा |

| | | | | |
|---|---|---|---|---|
| | | • वार्षिक ठेक्का लगाउने,<br>आर्थिक ऐन बिपरित जाने ठेकेदारलाई कारवाही गर्ने। | | |
| २ | वन पैदावर | • नगरपालिका क्षेत्रका सामुदायिक वन तथा वनपैदावार बिक्रीसम्बन्धी तथ्यांक संकलन र नियमित अद्यावधिक गर्ने,<br>• सामुदायिक वनको वन पैदावार बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित शीर्षकमा दाखिला गरी गाउँ पालिकाको सञ्चित कोषमा जम्मा गर्ने,<br>• वन पैदावार उत्पादनमा पहल गर्ने,<br>वन पैदावरमा लग्ने कर अध्यावधिक गर्ने । | आ.व. २०७९-०८० देखि निरन्तर । | कार्यपालिका तथा राजस्व शाखा |
| ३ | नक्सा पास दस्तुर | • भवन निर्माण आचार संहिताको पालना गर्ने,<br>• आर्थिक ऐन संशोधन गरि दस्तुरको दर अध्यावधिक गर्ने,<br>• नगरपालिकाका सबै घरहरुलाई नक्सा पासको दायरामा लेराउन रणनीतिक कदम चल्ने । | आ.व. २०७९-०८० देखि निरन्तर । | नगरकार्यपालिका |
| ४ | बहाल बिटौरी शुल्क | • नगरपालिकाको क्षेत्रमा पर्ने प्रतिजग्गाको लगत संकलन गर्ने,<br>• प्रतिजग्गामा बनेका घर टहराहरुबाट बहाल बिटौरी शुल्क असुल गर्ने,<br>• वहाल बिटौरी शुल्क लगाउदा बैज्ञानिक पद्दतीको अवलम्बन गर्ने । | आ.व. २०७९-०८० देखि निरन्तर । | सम्बन्धित वडा कार्यालय |
| ५ | पार्किङ शुल्क | • पार्किङका लागि उपयुक्त सार्वजनिक जग्गा पहिचान गर्ने,<br>• प्राथमिकताका आधारमा पार्किङ स्थलहरुको डिजाइन र निर्माण गर्दै जाने,<br>• निर्माणमा भएका पार्किङ स्थलमा पार्किङ सुरु गर्ने,<br>• नियम अनुसार शुल्क असुली विधि तय गर्ने र तय भएको विधिअनुसार पार्किङ शुल्क असुली गर्ने । | व. ०७९-०८० देखि निरन्तर । | नगरकार्यपालिका |

| | | | | |
|---|---|---|---|---|
| ६ | फोहरमैला व्यवस्थापन | • निजि सार्वजनिक मोडेलमा कार्यविधि निर्माण गर्ने,<br>• फोहोरमैला उत्पादन गर्ने निकायहरुको पहिचान गर्ने,<br>• पहिचानमा आएका निकायहरुलाई मात्राको आधारमा शुल्क लगाउने । | आ.व. २०७९-०८० देखि निरन्तर । | नगरकार्यपालिका |
| ७ | सेवाशुल्क तथा सिफारिश प्रमाणित दस्तुर | • सेवा शुल्क लिन सकिने क्षेत्रहरु (अतिथिगृह, सभाहल, औद्योगिक क्षेत्र, बसपार्क, हाटबजार तथा सार्वजनिक जग्गाको लिज, कृषि उपज संकलन केन्द्र, कोल्ड स्टोर) आदिको पहिचान गर्ने,<br>• पहिचान भएका आयोजनामध्ये स्वलगानीमा सञ्चालन गर्ने आयोजनाहरुको संभाव्यता अध्ययन गर्ने,<br>• सार्वजनिक निजी साझेदारीमा सम्पन्न गर्न सकिने आयोजना छनौट गरी कार्यान्वयन प्रकृया अघि बढाउने,<br>नगरपालिकाले उपलब्ध गराउने सेवा शुल्ककोदरमा समसामयिक परिमार्जन गर्ने । | आ.व. २०७९-०८० देखि निरन्तर । | योजना शाखा, राजस्व परामर्श समिति र नगरकार्यपालिका |
| ८ | व्यक्तिगत घटना दर्ता शुल्क | • समयमा व्यतिगत घटना दर्ता गर्नका लागि जागरण अभियान संचालन गर्ने,<br>• समयमा व्यतिगत घटना दर्ता नगरेमा अभिलम्ब शुल्क लिने कर्यिविबी निर्माण गर्ने,<br>• समयमा व्यतिगत घटना दर्ता गरेमा पुरुस्कारको व्यवस्था गर्ने । | आ.व. २०७९-०८० देखि निरन्तर । | नगरकार्यपालिका |
| ९ | दर्ता, अनुमति तथा नविकरण दस्तुर | • लगानीका आधारमा व्यबसाय दर्ता तथा नवीकरण शुल्क निर्धारण गर्ने,<br>• उधोघरुलाई साना, मझौला तथा ठुला गरि विभाजन गर्ने,<br>नवीकरण दस्तुर समय सपेक्ष समायोजन गर्ने । | २०७९-०८० देखि निरन्तर । | राजस्व परामर्श समिति, नगरकार्यपालिका |

### ग. राजस्व प्रशासन सुधार योजना

**नगरपालिकाको** समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्व प्रशासनको क्षेत्रमा गरिनु पर्ने सुधारका लागि देहाय बमोजिमका कृयाकलापहरु प्रस्ताव गरिएको छः

**तालिका १९ : राजस्व प्रशासन सुधार कार्ययोजना**

| क्र.सं. | राजस्वप्रशासन सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **कानुनी तथा नीतिगत व्यवस्था** | • नगरपालिकाले बनाएको आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने हालको राजस्व अधिकारका सम्भाव्य शिर्षकहरु अनुसार शिर्षक हेरफेर गर्ने व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने,<br>• राजस्व असुलीको व्यवस्था साथसाथै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने,<br>• व्यवसाय कर सम्बन्धि कार्यबिधि लाई पूर्ण रुपमा लागु गर्ने,<br>• प्रगतिशील करको दर, मूल्य र महत्वको आाधारमा करको निर्धारण, समयानुकूल करको दरमा परिमार्जन गर्ने । | आ.ब.२०७९ साउन देखि लागु गर्ने। | राजस्व शाखा, राजस्व परामर्श समिति |
| **सांगठनिक स्वरुप** | • राजस्व सम्बन्धी कामको चाप र आवश्यकता अनुसार वडा कार्यालय देखि नगर कार्यपालिकाको कार्यालयमा कर्मचारी दरबन्दी थप गर्ने,<br>• सम्पूर्ण कर्मचारीहरुलाई क्षमता विकासका तालिमहरु प्रदान गर्ने,<br>• कर्मचारीको कार्य प्रगति अनुसार पुरस्कारको व्यवस्था गर्ने । | आ.ब.२०७९ असर सम्म । | प्रमुख प्रशासकीय अधिकृत |
| **भौतिक पूर्वाधार तथा संरचना** | • सेवाग्राहीमैत्री भौतिक संरचना तयारी गर्नेः<br>• खानेपानी, शौचालय, प्रतिक्षालय, चमेनागृहको व्यवस्था गर्ने,<br>• पहिले आउनेलाई पहिलो सेवा दिने,<br>• टेण्डर, विज्ञापन लगायतका सूचनाहरु छापा तथा विद्युतीय लगायतका प्रभावकारी तथा सान्दर्भिक माध्यमबाट प्रसार गर्ने,<br>• वालमैत्री, अपाङ्गमैत्री, लैंगिक अल्पसंख्यकमैत्री संरचना बनाउने । | आ.व.२०७९ सउन देखी बन्ने नयाँ संरचनाहरुमा लागु गर्ने । | नगरकार्यपालिका |

| | | | |
|---|---|---|---|
| **पारदर्शिता तथा जवाफदेहिता** | • नगरपालिका र वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गर्ने,<br>• मोबाइल एपको व्यवस्था गरि सुचना तथा जानकारीको मध्यम बनाउने ।<br>हरेक वर्ष समयानुकूल करमा अद्यावधिकरण गर्ने । | २०७९ असोज मसान्त सम्म । | सूचना प्रविधि शाखा र राजस्व शाखा |
| **करदाताको पहिचान** | • नगरपालिकामा वर्गीकृत करदाता तथ्यांक संकलन गर्ने,<br>• कर छुट नहुने सेवाको वर्गीकरण गर्ने,<br>• प्रत्येक परिवारको सम्पत्ति र आम्दानीको लगत संकलन गर्ने,<br>असल करदाताको पहिचान गरि विभिन्न प्रकारका प्रोत्साहनका प्याकेजहरु ल्याउने । | २०७९ चैत मसान्त देखि निरन्तर । | आर्थिक प्रशासन शाखा, राजस्व शाखा, वडा कार्यालय |
| **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | • कर करदातालाई कर तिर्नेबारेको जानकारी एस.एम.एस. लगायतका प्रभावकारी माध्यमबाट गराउने,<br>• कर नीतिमा दण्डात्मक र उत्प्रेरणामूलक दुवै सिद्धान्तको सन्तुलित प्रयोग गर्ने । जस्तैः ढिलो कर तिर्नेलाई विलम्ब शुल्क लगायत दण्डको व्यवस्था र नियमित तथा बढी कर तिर्ने करदातालाई पुरस्कारको व्यवस्था गर्ने,<br>• कर उठाउने विशेष टोली खटाई व्यवसाय दर्ता, नवीकरण गर्ने,<br>विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक संदेश प्रचार प्रसार गर्ने । | २०७९ असर देखि निरन्तर । | राजस्व परामर्श समिति |
| **करदाताको अभिलेख** | • विद्युतीय प्रविधिको प्रयोगबाट सबै प्रकारका करदाताको अभिलेख राख्ने र अद्यावधिक गर्दै जाने,<br>• यसरि अभिलेख राख्दा ठुला, मझौला र साना करदाताको समेत लागत<br>राख्ने । | नियमित तथा वार्षिक | राजस्व शाखा, वडा कार्यालयहरु |
| **अनुगमन मूल्यांकन** | • पालिकामा सम्बन्धित शाखा समितिले वडादेखि गाउँपालिकाको सबै शाखा तथा सम्पूर्ण सरोकारवाला निकायमा स्थलगत निरीक्षण गर्ने,<br>• करको महत्व बुझाउने,सुझाव संकलन गर्ने,<br>अनुगमन प्रभावकारी बनाउने । | हरेक आ.व.को अन्तिम चौमासिक | राजस्व अनुगमन समिति |
| **आन्तरिक लेखा परीक्षण** | • चालु आ.व.मा भए गरेका कर असुलीको आन्तरिक एवम् अन्तिम लेखा परीक्षण गर्ने,<br>• आर्थिक प्रतिवेदन तयार गर्ने। | आगामी आ.व.को प्रथम चौमासिक | राजस्व शाखा आ.ले.प. शाखा |

# परिच्छेद - ६

## आगामी तीन वर्षको आय प्रक्षेपण

### ६.१ राजस्व प्रक्षेपणका आधारहरु

राजश्व सुधार कार्ययोजना तयारी पश्चात सोको कार्यान्वियनबाट स्थानीय तहको राजश्व संकलनमा पर्ने प्रभावको समेत विश्लेषण गरी भविष्यको लागि प्राप्त हुने राजश्वको प्रक्षेपण गर्नुपर्दछ । राजश्व प्रक्षेपणको लागि निम्न विधिहरुमध्ये राजश्वका स्रोतको उपलब्ध सूचनाको आधारमा कुनै एक विधि प्रयोगमा ल्याउन सकिने व्यवस्था रहेको छ ।

क. तथ्यांकिय आधार

ख. विगतको राजश्व बृद्धिदरको आधार

ग. संझौताको आधार

घ. लमसम बृद्धिदर

यसैगरी यस कनकाई नगरपालिकामा माथि दिएका आधारहरुको जगमा रहेर आगामी तीन वर्ष (आ.व. २०७९/८० देखि २०८१/८२) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरू धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय बृद्धिदरलाई आधार मानिएको छ ।

**तालिका २० : राजश्व प्रक्षेपणका आधारहरू**

| राजस्व संकेत | राजस्व शिर्षक | कुल सम्भाव्यता (रु हजारमा) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| ११३१३ | सम्पत्ति मालपोत तथा भुमि कर | १५००० | कुल सम्भाव्यताको पहिलो वर्ष ४० प्रतिशत संकलन हुने र तत्पश्चात क्रमसः वार्षिक १३ र ११ प्रतिशतका दरले वृद्धिहुने । |
| ११३२१ | घर जग्गा बहाल कर | ५०० | कुल सम्भाव्यताको पहिलो वर्ष ७१ प्रतिशत संकलन हुने र तत्पश्चात क्रमसः वार्षिक २० र १० प्रतिशतका दरले वृद्धिहुने । |
| ११३२२ | बहाल बिटौरी शुल्क | ८०० | कुल सम्भाव्यताको पहिलो वर्ष ९० प्रतिशत संकलन हुने र तत्पश्चात क्रमसः |

| | | | |
|---|---|---|---|
| | | | वार्षिक १२ र १३ प्रतिशतका दरले वृद्धिहुने । |
| ११४७२ | विज्ञापन कर | ५०० | चालू आ.व.का लागि २५ प्रतिशतले बृदी हुने र त्यसपछिका वर्षमा क्रमशः १ र २० प्रतिशत दरले वृद्धि हुने । |
| १७४४९ | मनोरञ्जन कर तथा पर्यटक प्रवेश शुल्क | २५०० | चालू आ.व.का लागि रु २५०० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ४ र १५ प्रतिशतका दरले वृद्धि हुने । |
| १४१५७ | नदि जन्य पदार्थको विक्री बाट प्राप्त हुने | १५००० | चालू आ.व.का लागि १५००० हजार संकलन हुने अनुमान र त्यसपछिका वर्षमा क्रमशः १५००० र १७००० संकलन हुने अनुमान गरिएको। |
| ११६११ | व्यवसाय कर | ४००० | चालू आ.व.का लागि ६० प्रतिशतले बृदी हुने र त्यसपछिका वर्षमा क्रमशः ३७ र ९ प्रतिशतका दरले वृद्धिहुने हुने । |
| १४४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५००० | चालू आ.व.का लागि १० प्रतिशतले बृदी हुने र त्यसपछिका वर्षमा सोहि रकम बराबरको कर संकलन हुने अनुमान गरिएको छ। |
| १३१११ | वित्तीय समानीकरण अनुदान प्रदेश | ८२९९ | चालू आ.व.का लागि ८२९९ हजार रकम प्राप्त अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १००० र १०५०० रकम प्राप्त हुने अनुमान गरिएको छ। |
| | वित्तीय समानीकरण अनुदान संघ | १५०९०० | चालू आ.व.का लागि १५०९०० हजार रकम प्राप्त अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १६२००० र १७०००० रकम प्राप्त हुने अनुमान गरिएको छ। |
| १३३१३ | सशर्त अनुदान प्रदेश पुजीगत | १६१८ | चालू आ.व.का लागि १६१८ हजार रकम प्राप्त अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १६१८ र ४००० रकम प्राप्त हुने अनुमान गरिएको छ। |

| | | | |
|---|---|---|---|
| १३३१२ | सशर्त अनुदान चालु संघ | १८०४०० | चालू आ.व.का लागि १०८०४०० हजार रकम प्राप्त अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः २२०४०० र २३०००० रकम प्राप्त हुने अनुमान गरिएको छ। |
| १३३१३ | सशर्त अनुदान संघ पुजीगत | २१९०० | चालू आ.व.का लागि २१९०० हजार रकम प्राप्त अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः २९५०० र ४०००० रकम प्राप्त हुने अनुमान गरिएको छ। |
| १३३१३ | समपुरक अनुदान प्रदेश | १०००० | चालू आ.व.का लागि १०००० हजार रकम प्राप्त अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १०००० र १०००० रकम प्राप्त हुने अनुमान गरिएको छ। |
| १३३१३ | समपुरक अनुदान संघ पुजीगत | ८००० | चालू आ.व.का लागि ८००० हजार रकम प्राप्त अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १०००० र १५००० रकम प्राप्त हुने अनुमान गरिएको छ। |
| | विषेश अनुदान प्रदेश | ० | चालू आ.व.का लागि यो सिर्षकमा रकम प्राप्त हुने अनुमान नगरिएको भएता पनि आ.व. ०८१/८२ मा भने ५००० रकम प्राप्त हुने अनुमान गरिएको छ। |
| | विषेश अनुदान संघ | ० | चालू आ.व.का लागि यो सिर्षकमा रकम प्राप्त हुने अनुमान नगरिएको भएता पनि आ.व. ०८१/८२ मा भने २०००० रकम प्राप्त हुने अनुमान गरिएको छ। |
| ११३१५ | जग्गा रजिष्ट्रेशन दस्तुर | २०००० | चालू आ.व.का लागि २०००० हजार संकलन हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० र १३ प्रतिशतका दरले वृद्धि हुने । |
| ११४५६ | सवारी साधन कर प्रदेश | ९८५५४२० | चालू आ.व.का लागि ५२ प्रतिशतले बृदी हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ३ र ४ प्रतिशतका दरले वृद्धि हुने । |

| | | | |
|---|---|---|---|
| १४२१३ | अन्य विक्रीबाट प्राप्त हुने रकम वन पैदावार समेत | ४००० | चालू आ.व.का लागि ४००० हजार संकलन हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १२ र ५ प्रतिशतका दरले वृद्धि हुने । |
| १४२४९ | अन्य विविध अनुदान प्राप्त | १५०० | चालू आ.व.का लागि १५०० हजार प्राप्त हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ७०० र ८०० हजार रकम प्राप्त हुने अनुमान गरिएको छ । |
| १४४२२ | सवारी दर्ता कर | १०० | चालू आ.व.का लागि १०० हजार कर संकलन हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ५० र ३० प्रतिशतका दरले वृद्धि हुने । |
| १४२६५ | घटना दर्ता दस्तुर | ५०० | चालू आ.व.का लागि १४ प्रत्रिशतले बृदी हुने र त्यसपछिका वर्षमा क्रमशः बराबरी दस्तुर संकलन हुने अनुमान गरिएको। |
| ११४११/२१ | राजस्व बाँडफाँडबाट प्राप्त (संघ) | १००३५९ | चालू आ.व.का लागि १००३५९ हजार रकम प्राप्त हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १२०५५९ र १३०००० हजार रकम प्राप्त हुने अनुमान गरिएको छ। |
| १४५२१ | प्रदुषण निंत्रण तथा फोहोरमैला संकलन शुल्क | ३००० | हालसम्म प्राप्त नभएको तथापि पहिलो वर्ष रु.३००० हजार संकलन हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ५ र ४ प्रतिशतका दरले वृद्धि हुने । |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री बोलपत्र (ब्याक लोडर/ स्क्याभेटर समेत) | ५५०० | चालू आ.व.का लागि रु ५५०० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ६००० र ७००० संकलन हुने अनुमान गरिएको छ। |
| १४२४१ | सवारी पार्किङ शुल्क | ५०० | चालू आ.व.का लागि रु ५०० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा |

| | | | |
|---|---|---|---|
| | | | क्रमशः १० र ९ प्रतिशतका दरले वृद्धि हुने । |
| १४२७२ | नक्सापासदस्तुर | ४००० | चालू आ.व.का लागि ५० प्रतिशतले बृदी हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १२ र ६ प्रतिशतका दरले वृद्धि हुने । |
| १४२४३ | सिफारिस दस्तुर | ७००० | चालू आ.व.का लागि २२ प्रतिशतले बृदी हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० र ६ प्रतिशतका दरले वृद्धि हुने । |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ४०० | चालू आ.व.का लागि ५४ प्रतिशतले बृदी हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः २५ र १० प्रतिशतका दरले वृद्धि हुने । |
| १४२२१ | न्यायिक दस्तुर | ३० | चालू आ.व.का लागि ८० प्रतिशतले बृदी हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ६० र १० प्रतिशतका दरले वृद्धि हुने । |
| | | | |
| १३४११ | नेदरल्याण्ड लेप्रोसी रिलिफ नेर्पल | ७०० | चालू आ.व.का लागि रु ७०० हजार रकम प्राप्त हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ७०० र शून्य रकम प्राप्त हुने अनुमान गरिएको छ। |
| १३३१९ | सडक वोर्ड नेपाल | ५००० | चालू आ.व.का लागि रु. ५००० हजार रकम प्राप्त हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ५००० र ५००० रकम प्राप्त हुने अनुमान गरिएको छ। |
| १३४११ | संघ प्रदेश तथा दात्री निकायबाट समेत प्राप्त अनुदान तथा ऋण समेत | ११०००० | चालू आ.व.का लागि रु. ११०००० हजार रकम प्राप्त हुने अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १००००० र १००००० रकम प्राप्त हुने अनुमान गरिएको छ। |

### ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

माथि उल्लिखित प्रक्षेपणका आधारमा नगरपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेतका कोडको प्रयोग गरिएको छ ।

**तालिका २१ : चालू आ.व. को अनुमान तथा आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण रु. हजारमा**

| राजश्व संकेत | राजश्व शिर्षक | २०७८/७९ वास्तविक आय | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|
| | | | ०७९/८० प्रस्तावित आय | ०८०/८१ अनुमानित आय | ०८१/८२ अनुमानित आय |
| ११३१३ | सम्पत्ति मालपोत तथा भुमि कर | १०७२० | १५००० | १७००० | १९००० |
| ११३२१ | घर जग्गा बहाल कर | १७३१ | ५००० | ६००० | ७००० |
| ११३२२ | बहाल बिटौरी शुल्क | ७५९० | ८००० | ८१०० | ८२०० |
| ११४७२ | विज्ञापन कर | ३९५ | ५०० | ५००० | ६०० |
| १७४४९ | मनोरञ्जन कर तथा पर्यटक प्रवेश शुल्क | ० | २५०० | २६०० | ३००० |
| १४१५७ | नदि जन्य पदार्थको विक्री बाट प्राप्त हुने | २०००० | १५००० | १५००० | १७००० |
| ११६११ | व्यवसाय कर | २४६५ | ४००० | ५५०० | र६००० |
| १४४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४५३५ | ५००० | ५००० | ५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३१११ | वित्तीय समानीकरण अनुदान प्रदेश | ८२९९ | ८२९९ | १००० | १०५०० |
| | वित्तीय समानीकरण अनुदान संघ | १४२७०० | १५०९०० | १६२००० | १७०००० |
| १३३१३ | सशर्त अनुदान प्रदेश पुजीगत | ७८०० | १६१८ | १६१८ | ४००० |
| १३३१२ | सशर्त अनुदान चालु संघ | १९७८८२ | १८०४०० | २२०४०० | २३०००० |
| १३३१३ | सशर्त अनुदान संघ पुजीगत | ३८९४९ | २१९०० | २९५०० | ४०००० |
| १३३१३ | समपुरक अनुदान प्रदेश | १०००० | १०००० | १०००० | १०००० |
| १३३१३ | समपुरक अनुदान संघ पुजीगत | ७२०० | ८००० | १०००० | १५००० |
| | विषेश अनुदान प्रदेश | ० | ० | ० | ५००० |
| | विषेश अनुदान संघ | ० | ० | ० | २०००० |
| ११३१५ | जग्गा रजिष्ट्रेशन दस्तुर | २२७३२ | २०००० | २२००० | २५००० |
| ११४५६ | सवारी साधन कर प्रदेश | ६४७८ | ९८५५ | १०१०० | १०५०० |
| १४२१३ | अन्य विक्रीबाट प्राप्त हुने रकम वन पैदावार समेत | २९६ | ४००० | ४५०० | ४७०० |
| १४२४९ | अन्य विविध अनुदान प्राप्त | ३०६ | १५०० | ७०० | ८०० |
| १४४२२ | सवारी दर्ता कर | ० | १०० | १५० | २०० |
| १४२६५ | घटना दर्ता दस्तुर | ४३१ | ५०० | ५०० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११४११/२१ | राजस्व बाँडफाँडबाट प्राप्त (संघ) | ७५४४२ | १००३५९ | १२०५५९ | १३०००० |
| १४५२१ | प्रदुषण निंत्रण तथा फोहोरमैला संकलन शुल्क | ० | ३००० | ३१०० | ३२०० |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री बोलपत्र (ब्याक लोडर/ स्क्याभेटर समेत) | ० | ५५०० | ६००० | ७००० |
| १४२४१ | सवारी पार्किङ शुल्क | ० | ५०० | ५५० | ५०० |
| १४२७२ | नक्सापासदस्तुर | २५९६ | ४००० | ४५०० | ४८०० |
| १४२४३ | सिफारिस दस्तुर | ५७३७ | ७००० | ७५०० | ८००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २५८ | ४०० | ५०० | ५५० |
| १४२२१ | न्यायिक दस्तुर | १६ | ३० | ५० | ५५ |
| | | | | | |
| १३४११ | नेदरल्याण्ड लेप्रोसी रिलिफ नेर्पल | ४०० | ७०० | ७०० | ० |
| १३३१९ | सडक वोर्ड नेपाल | ० | ५००० | ५००० | ५००० |
| १३४११ | संघ प्रदेश तथा दात्री निकायबाट समेत प्राप्त अनुदान तथा ऋण समेत | ० | ११०००० | १००००० | १००००० |

# परिच्छेद - ७

## निष्कर्ष तथा सुझाव

### ७.१ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण

यस अध्ययनका आधारमा आगामी तीन आ.व.मा नगरपालिकाले प्रमुख शीर्षकमा गर्न सक्ने प्रक्षेपित आम्दानी निम्नानुसार रहेको छः

**तालिका २२ : आगामी ३ वर्षको प्रक्षेपित आय**

| राजश्वशिर्षक | वास्तविक | प्रक्षेपित आय ( रु. हजारमा) | | |
|---|---|---|---|---|
| | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | ०८०/ ०८१ |
| आन्तरिक आय | ५७०८१ | ८१५३० | ८७७५० | ९६२०५ |
| राजश्व बाँडफाँडबाट प्राप्त आय | १०४६५३ | १३०२१४ | १५२६५९ | १६५५०० |
| वित्तीय समानीकरण अनुदान बाट प्राप्त हुने आय | १५०९९९ | १५९१९९ | १७२००० | १८०५० |
| ससर्त अनुदान | २४४६३२ | २०३९१८ | २५१५१८ | २७४००० |
| समपुरक अनुदान | १७२०० | १८००० | २०००० | २५००० |
| विशेष अनुदान | ० | ० | ० | २५००० |
| अन्य संघ संस्था तथा निकायबाट प्राप्त हुने अनुमानित आय | ११५९०० | १४५७०० | १०५७०० | १०५००० |
| कुल जम्मा | ६९४६७ | ७३८५६१ | ७८९६२७ | ८४६२०५ |

### ७.२ निष्कर्ष तथा सुझावहरु

- आन्तरिक आय परिचालनको लागि तयार पारिएका ऐन तथा कार्यविधिहरुलाई पूर्ण रुपमा लागु गर्ने,
- आन्तरिक आय परिचालनको लागि थप ऐन तथा कार्यविधिहरु तर्जुमा गर्ने,
- आर्थिक ऐन परिमार्जन गरि कर तथा गैर कर राजश्वका विद्यमान दरमा परिमार्जनका साथै पुरस्कार एवम जरिवानाको व्यबस्था गर्ने,
- ढुंगा, गिट्टी, वालुवा, बहाल कर र व्यबसाय कर लाई व्यवस्थित बनाउने,

- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदनमा तयार पारि ढुंगा, गिट्टी, वालुवालाइ प्रमुख आय श्रोत बनाउने,
- राजश्व परामर्श समितिको भूमीकालाई थप प्रभावकारी बनाउने,
- राजस्व संकलनको नियमित प्रगति समीक्षा गर्ने,
- राजस्व प्रशासनमा दण्ड पुरस्कारको व्यबस्था मिलाउने,
- राजश्व शाखाको क्षमता विकास र सूचना प्रविधिको अधिकतम उपयोगमा जोड दिने,
- राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने,

## ७.३ कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन

स्थानीय सरकार संचालन ऐन २०७४ को ब्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दर तथा दायराको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिलाई बैशाख १० गते भित्र आगामि ३ आर्थिक बर्षको आय अनुमान गर्ने कार्यमा यो राजश्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । त्यसैले हरेक आर्थिक बर्षको बैशाख पहिलो हप्तासम्ममा राजश्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निणर्यहरुको लागि आवश्यक आधार हुनेछ । राजश्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजश्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणकोलागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षको लागि तय गरिएका कृयाकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यो राजश्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि निम्न अनुसारका चार तहको अनुगमन तथा मूल्यांकन ब्यवस्था सिफारिश गरिएको छ ।

### (क) कार्यालय स्तरको अनुगमनः

कार्यालय स्तरको अनुगमन तथा मूल्यांकनकोलागि प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय तहले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयन तथा राजस्व असुली अवस्थाको अनुगमन गरी लक्ष्य हासिल गर्नेतर्फ आवश्यक रणनीति तयार पारि कार्यन्वयनमा ल्याउनु पर्दछ ।

### (ख) राजश्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः

पालिकाको राजश्व परामर्श समितिले चौमासिक रुपमा राजश्व सुधार योजनाको कार्यान्वयनको अवस्था तथा आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य गर्नु पर्दछ । साथै आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्यपूर्व भएका कार्यको मूल्यांकन गरी आयकास्रोत, दर तथा दायरामा सुधारकोलागि गर्नु पर्ने कार्यहरु सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजश्व सुधार योजनाको समिक्षा गरिन्छ ।

**(ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः**

नगरकार्यपालिकाको बैठकले राजश्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निणर्य गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजश्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निणर्य गर्नु आवश्यक भएमा निणर्य गरीन्छ ।

**(घ) वाह्य अनुगमन तथा मूल्यांकनः**

नगरपालिकाको राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण गर्न चाहने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय तथा दातृ निकायहरु आदिले अनुगमनकोलागि सहयोग प्रदान गर्न सक्नेछन्। यस प्रकारको अनुगमन प्रणालीको स्थापनाले गाउँपालिकाको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमताको विकास हुनेछ । राजश्व प्रशासनसंग सम्वन्धित तथ्यांकका साथै योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको अनुभुति संकलन पनि अनुगमनको मूख्य विधि हुनसक्नेछ ।

# अनुसूचीहरू

## अनुसूची १ सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको आर्थिक ऐन, २०७५
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- कनकाई नगरपालिकाको - कर तथा गैर राजस्व सम्बन्धी कानून,२०७४
- एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४
- कनकाई नगरपालिकाको आर्थिक ऐन २०७६
- कनकाई नगरपालिकाको नगर प्रोफाइल
- कनकाई नगरपालिकाको आर्थिक वर्ष २०७८/८९को नीति, कार्यक्रम तथा बजेट

# अनुसूची २ः तथ्यांक सूचना संकलनक लागि फारम तथा सूची

**तथ्यांक संकलन सूची**

## कनकाई नगरपालिका, झापा

**१. गाउँ/नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः**

- संक्षिप्त परिचय :
  - नामांकरण,
  - घरधुरी तथा जनसंख्या
  - क्षेत्रफल तथा वडा विभाजन
  - प्रशिद्ध स्थलहरु
- मुख्य पूर्वाधारको अवस्था
  - सडक, बाटो, पुल
  - बिजुली
  - खानेपानी तथा सिंचाई
  - सावर्जनिक भवन तथा पूर्वाधारहरु
  - फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)
- आर्थिक अवस्था
  - उद्योग, व्यवसाय तथा कलकारखाना
  - मुख्य व्यापारिक केन्द्रहरु
  - प्राकृतिक तथा पर्यटकिय सम्पदा

………… **गाउँ/नगरपालिकाको संगठन तथा राजश्व प्रशासन :**

- हालको संगठन संरचना

- कर्मचारीहरुको विवरण

| क्र. सं. | पद | स्वीकृत दरवंदी | पदपुर्ति | |
|---|---|---|---|---|
| | | | स्थायी | करार |
| | | | | |
| | | | | |

| क्र. सं. | पद | स्वीकृत दरवंदी | पदपुर्ति | |
|---|---|---|---|---|
| | | | स्थायी | करार |
| | | | | |
| | | | | |

- भौतिक सुविधाहरु
  - कार्यालयका भवनहरु
  - सवारी साधन
  - फर्निचर, कम्प्युटर, प्रिन्टर
- राजश्व शाखा तथा राजश्व प्रशासन

- राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | जिम्वेवारी |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

  - कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
  - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
  - राजश्व सम्बन्धी डाटा वेस, राजश्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
  - कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग
- राजश्व परामर्श समिति

| क्र.सं. | नम | पद | जिम्वेवारी |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**अन्य दस्तावेज तथा सूचनाहरु**

  - राजश्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
  - राजश्व ठेक्का सम्वन्धि विवरण
  - गाउँ/नगरपालिकाको बस्तुस्थिति विवरण

- राजश्व परिचालनकालागि भएका प्रभावकारी प्रयासहरु

**२. ............ गाउँ/नगरपालिकाको स्वमित्व वा भोगचलनमा रहेका जग्गा**

| क्र.सं. | जग्गा रहेका स्थान | कि.न. | क्षेत्रफल | हालको उपयोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| ख | भोगचलनमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

श्रोत :

**३. ............ गाउँ/नगरपालिकाको स्वमित्वमा रहेका भवन तथा औजारहरु**

| क्र.सं. | स्थान | सम्पत्तिको विवरण | हालको उपभोग | भाडा वा बहाल रकम ( यदी भएमा) |
|---|---|---|---|---|
| १. | भ्वन | | | |
| | | | | |
| | | | | |
| २ | मेसीन औजार | | | |
| | | | | |
| | | | | |

श्रोत :

**४. करमा आधारित सूचनाहरु**

**क. सम्पत्ति कर सम्बन्धी विवरण**

............ गाउँ/नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .................

गत आ.व. मा कर तिर्ने करदाता संख्या : ................. संकलित रकम : ................

**ख. भवन सम्बन्धी विवरण**

| क्र.सं. | घरको वर्गीकरण | औसत क्षेत्रफल | अनुमानित संख्या | बहालमा भएको संख्या | औसत बहाल दर |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरु<br>*(नोटः व्यापारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)* | | | | |
| २ | औद्योगिक प्रयोजनका भवन/घरहरु | | | | |
| ३ | आवासिय भवन/घरहरु | | | | |
| ३.१ | *कच्ची घरहरु (कच्चीजोडाई तथा छाना ।)* | | | | |
| ३.२ | *अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका)* | | | | |
| ३.३ | *पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure)* | | | | |
| ३.४ | *पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)* | | | | |
| **जम्मा** | | | | | |

**ग. मालपोत (भुमी कर) सम्बन्धी विवरण**

............ गाउँ/नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .................

गत आ.व. मा कर तिर्ने करदाता संख्या : ................. संकलित रकम : ................

**जग्गा सम्बन्धी विवरण**

| क.सं. | जग्गाको किसिम | अनुमानित क्षेत्रफल | औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्र | | | |
| २ | आवासिय क्षेत्र | | | |
| ३ | कृषी क्षेत्र | | | |
| ४ | वन तथा अन्य क्षेत्र | | | |
| **जम्मा** | | | | |

**घ. सवारी साधन सम्बन्धी विवरण**

............ गाउँ/नगरपालिकामा दर्ता भएकाजम्मा करदाता संख्या : .................

गत आ.व. मा कर तिर्ने करदाता संख्या : ................. संकलित रकम : ................

| क्र.सं. | गाउँ/नगरपालिकामा संचालनमा रहेका सवारी साधन | अनुमानित संख्या | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा, ई रिक्सा | | |
| २ | ठेलागाडा, टाँगा, रिक्सा | | |
| **जम्मा** | | | |

**ङ. व्यापार व्यवसाय सम्बन्धी विवरण**

............ गाउँ/नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .................

गत आ.व. ........ मा कर तिर्ने करदाता संख्या : ................. संकलित रकम : ................

| क्र.सं. | संचालनमा रहेका व्यापार व्यवसायको विवरण | साना लगानी ( संख्या) | मझौला लगानी ( संख्या) | ठुला लगानी (संख्या) | कैफियत |
|---|---|---|---|---|---|
| १ | उद्योग तथा होटल | | | | |
| २ | वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, विमा आदि) | | | | |
| ३ | निजी स्वास्थ्य तथा शैक्षिक संस्थाहरु | | | | |
| ४ | व्यापारिक वस्तुको कारोवार (थोक, खुद्रा) | | | | |
| ५ | विषेशज्ञ सेवा (डक्टर, वकिल, अडिटर आदि) | | | | |
| ६ | सेवा व्यवसाय (मर्मत, हजाम, चिया, मिठाई, रेस्टुरेन्ट, निर्माण, ढुवानी आदि) | | | | |
| ७ | अन्य व्यवसायहरु | | | | |

**च. प्राकृतिक स्रोतजन्य वस्तु विकी (निजी तथा सार्वजनिक दुबै )**

| क्र.सं. | उत्पादन/उत्खनन स्थल | बस्तुहरु | कुल उत्खनन योग्य परिणाम | विकी मुल्य |
|---|---|---|---|---|
| १ | | ढुङ्गा | | |
| | | गिट्टी | | |
| | | स्लेट | | |
| | | बालुवा | | |
| | | दहत्तर वह्त्तर | | |
| | | अन्य | | |
| २ | | ढुङ्गा | | |
| | | गिट्टी | | |
| | | स्लेट | | |
| | | बालुवा | | |
| | | दहत्तर वह्त्तर | | |
| | | अन्य | | |

**छ. जडिबुटी, कवाडी र जिवजन्तुको ब्यवसायिक उपयोग**

| क.सं. | बस्तुहरु | इकाई | कुल संकलन र व्यवसायिक उपयोग ( परिमाण) | अनुमानित मुल्य |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य बस्तुहरु | | | |
| | | | | |
| | | | | |
| ख. | कवाडीजन्य बस्तुहरु | | | |
| | | | | |
| | | | | |
| ग. | जिवजन्तुको हाड, सिंग, खुर, प्वाँख | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

**ज. वहाल विटौरी सम्बन्धी विबरण**

| क.सं. | सम्पत्तिहरु | इकाई | परिमाण | दर |
|---|---|---|---|---|
| क. | हाटवजारका सेड, कोठा तथा खालि स्थान | | | |
| | | | | |
| | | | | |
| ख. | सार्वजनिक जग्गा | | | |
| | | | | |
| | | | | |
| | | | | |

**झ.** ………… गाउँ/नगरपालिकाले **निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा**

| क्र.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना (छ ÷छैन) | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | | | | |
| २ | स्थानीय खानेपानी | | | | |
| ३ | बिजुली | | | | |
| ४ | धारा | | | | |
| ५ | अतिथि गृह | | | | |
| ६ | धर्मशाला | | | | |
| ७ | पुस्तकालय | | | | |
| ८ | सभागृह | | | | |
| ९ | ढल निकास | | | | |
| १० | सडक बत्ति | | | | |

| क.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना (छ ÷छैन) | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| ११ | सार्वजनीक शौचालय | | | | |
| १२ | पार्क | | | | |
| १३ | पौडी पोखरी | | | | |
| १४ | व्यायमशाला | | | | |
| १५ | पर्यटकिय स्थल | | | | |
| १६ | हाट बजार | | | | |
| १७ | पशु बधशाला | | | | |
| १८ | शवदाह गृह | | | | |
| १९ | बसपार्क | | | | |
| २० | अन्य पार्किङ्ग क्षेत्र | | | | |
| २१ | सिफारिश तथा प्रमाणित | | | | |
| २२ | दर्ता, अनुमाति, नविकरण दस्तुर | | | | |
| २३ | मूल्यांकन सेवा शुल्क | | | | |
| २४ | नक्सापास | | | | |
| | | | | | |
| | अन्य ................. | | | | |
| जम्मा | | | | | |

अनुसूची ३

आज मिति २०७८ साल फाल्गुण २३ गतेका दिन कनकाई नगरपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण कार्यक्रमको पहिलो दिनको कार्यशाला गोष्ठि उद्घाटन कार्यक्रम नगरपालिकाका प्रमुख श्री राजेन्द्र कु. पोखरेल को अध्यक्षतामा सञ्चालन गरियो। साथै तपसिलको कर्मचारीहरुको उपस्थितिमा तपसिल बमोजिमको निर्णय सफल गरियो।

तपसिल

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १. | श्री राजेन्द्र कुमार पोखरेल | नगर प्रमुख | |
| २. | श्री प्रेम प्रसाद राजवंशी | वडाध्यक्ष, वडा नं ६ | |
| ३. | श्री देवी अधिकारी | का.वा वडाध्यक्ष, वडा नं १ | |
| ४. | श्री नारायण कोईराला | विज्ञ सदस्य | |
| ५. | श्री चक्र बहादुर खत्री | विज्ञ सदस्य | |
| ६. | श्री हरि प्रसाद पौड्याल | सामाजिक विकास शाखा प्रमुख | |
| ७. | श्री विवेक भण्डारी | प्र.अ | |
| ८. | श्री जमुना कटुवाल | प्र.अ | Jamuna |
| ९. | श्री खगेन्द्र देगाल | स्वास्थ्य शाखा प्रमुख | |
| १०. | श्री नारायण अधिकारी | जनस्वास्थ्य निरीक्षक | |
| ११. | श्री दुर्गा खड्का | आ.प्र. शाखा प्रमुख | |
| १२. | श्री भोजराज आचार्य | राजस्व शाखा प्रमुख | |
| १३. | श्री तुलसा थापा | वडासचिव वडा नं ७ | |
| १४. | श्री देवी प्र. खनाल | योजना शाखा | |
| १५. | श्री चन्द्रकला मैनाली | वडासचिव वडा नं १ | |
| १६. | श्री संगीता पौडेल | राजस्व शाखा | |
| १७. | श्री लक्ष्मी प्र. अधिकारी | आ.प्र. शाखा | |
| १८. | श्री गिरु मुर्मु | वडासचिव, वडा नं ८ | |
| १९. | श्री सम्झना तिवारी | प्रशासन शाखा | |
| २०. | श्री प्रकाश अधिकारी | आ.प्र. शाखा | |
| २१. | श्री विजय पाठक | स्वकीय सचिव | |
| २२. | श्री हरि अधिकारी | सहायक कर्मचारी | |
| २३. | श्री योगराज विश्वकर्मा | प्रविष्टकर्ता | |
| २४. | श्री कुबेरनाथ ढकाल | प्रविष्टकर्ता | |
| २५. | श्री टीका ढकाल | से.एल.प्राचार्य | |
| २६. | श्री सुरेश कुमार गौतम | CBRF. | |